लेखापरीक्षण प्रतिवेदन

लेकम गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

लेकम गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/367

श्रीमान् अध्यक्षज्यू,

लेकम गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, दार्चुला ।

बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष-२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।



(थवराज अधिकारी)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/367

श्रीमान् अध्यक्षज्यू ,
लेकम गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
लेकम, दार्चुला ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फको रू.रु.१ अर्ब १३ करोड ७४ लाख ८६ हजारको ले खापरीक्षणबाट रु.१ करोड २३ लाख ९० हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.२८ लाख ६० हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.३३ लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२६ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु. ३५ लाख २६ हजार गरी जम्मा रु.९५ लाख ३० हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.७ करोड ५६ लाख ७५ हजार मध्ये रु.२४ लाख ७८ हजार सम्परीक्षण भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.८ करोड २७ लाख २७ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
९१	८३	१,२३,९०,४४९	०	३३	२८,६०,३३०	०	९१	५०	९५,३०,११९	३३,५८,४८६	३५,२६,३२२	२६,४५,३११	०	०	६१,७१,६३३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दार्चुला	७,५६,७४,८१०	०	२४,७७,७६१	७,३१,९७,०४९	०	९५,३०,११९	८,२७,२७,१६८

बेरुजु सम्परीक्षणको विवरण

क.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	५०	सेनिटरी प्याड दाखिला	४,८६,७८१
२	२०८१/८२	४९	सेनिटरी प्याड ढुवानी	२०,०००
३	२०८१/८२	६८	वितरण	२,११,४८०
४	२०८१/८२	१०२.२	रेडियो लोकदर्पण	२,६४,९७९
५	२०८१/८२	४१	माध्यमिक तह शिक्षण सहयोग अनुदान	२,१२,६१७
६	२०८१/८२	४०	बढी तलबभत्ता निकासा	१,२४,०८६
७	२०८१/८२	९५	प्राबिधिक नाँपजाँच	२,१०,०००

८	२०८१/८२	७५	प्रविधि हस्तान्तरणको साझेदारी रकम	४२,०००
९	२०८१/८२	२९	पेश्की बाकी	९४,०००
१०	२०८१/८२	९८	न्यायिक समिति तालिम	२७,६९८
११	२०८१/८२	११०	धरौटी फिर्ता	४६,८७४
१२	२०८१/८२	४२	दोहोरो लेखापरीक्षण रकम	१५,०००
१३	२०८१/८२	११७.४, ११७.५	दश सैया अस्पताल निर्माण	७९,९९९
१४	२०८१/८२	९०	दलित शौचालय निर्माण	१,०४,९६८
१५	२०८१/८२	७७	थप कार्यसम्पादन जमानत	१२,३१४
१६	२०८१/८२	११६.१	गोकुले लाली सडक ठे न १।८१।८२	३१,४३४
	२०८१/८२	११६.३	गोकुले लाली सडक प्रमाण पेस	६०,०००
१७	२०८१/८२	९३.३	कोटेशनवाट निर्माण	७,५१०
१८	२०८१/८२	९७	कर बिजक	१,०५,९६१
१९	२०८१/८२	९४	एडिवाग दुध संकलन केन्द्र निर्माण	४७,०९७
२०	२०८१/८२	१०६	एज विल्ट ड्रइङ	५०,०००
२१	२०८१/८२	१०३	उपभोक्ता समितिलाई बढी भुक्तानी	२७,७९५
२२	२०८१/८२	४५	आधारभूत तहमा शिक्षण सिकाई अनुदान	२,६१,६३२
२३	२०८१/८२	६९	अस्थायी करार	१,३२,९६०
२४	२०८१/८२	१०४	अनुपातिक कट्टी गरी भुक्तानी	३९,१४५
२५	२०८१/८२	८२	अनाथ वालबालिका	२४,०००
२६	२०८१/८२	७०	अतिथि सत्कार	१,२०,०००
			जम्मा	**२८,६०,३३०**
			गत विगतको सम्परीक्षण	
२७	२०८०/८१	७०	सामाजिक सुरक्षा कर कट्टी	३,६००
२८	२०८०/८१	३३	सक्कल बिल	६२,५६३
२९	२०८०/८१	४२	बिल भरपाई	२८,७५०
३०	२०८०/८१	५९	बढी निकासा	१०,०००

३१	२०८०/८१	२८	प्रोत्साहन खर्च	१६,०६,२७०
३२	२०८०/८१	८.२	आन्तरिक लेखापरीक्षण	७,६६,५७८
			जम्मा	**२४,७७,७६१**
			कुल जम्मा	**५३,३८,०९१**

लेकम गाउँपालिका, दार्चुला

(८०७७३५०६३००)

लेकम गाउँपालिका , दार्चुला

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यंक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।२०७३ फागुन २७ गते स्थापना भएको लेकम गाउपलिकाको क्षेत्रफल ८३.९८ वर्ग किलोमीटर रहेको छ | करिब १४८३८ जनसंख्या रहेको यो गाउँपालिका ६ ओटा वडाहरुमा विभाजित छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१० देखि २०८२।५।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आर्थिक वर्ष २०८१।८२ को आय-व्यय रु.१ अर्ब १३ करोड ७४ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन् ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१०००। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
	बेरुजु रकम रु.१००० मिति २०८२।६।२ मा नेपाल बैंक लि.को भौचर नं.८६८४३८२२ मार्फत बेरुजु खातामा दाखिला	१०००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेमा सो बमोजिमको वित्तिय विवरण तयार गरी पेश गरेको छैन। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ गाँउपालिकाले पेश गरेको एकीकृत वित्तिय विवरण यस प्रकार छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		२२१६०२२५।८८	चालु खर्च		२९९३९१०१९
१.संचित कोष	८९००५७८।९०		१. पालिका तर्फ	१०४१९०७७०	
२.धरौटी	१०२३७१५१		२. संघीय सशर्त	१९४६९८७१८।८८	
३ विविध कोष खाता	२९५३११५।९८		३. संघीय विशेष		
४. प्रकोप व्यवस्थापन कोष खाता	६९३८०		४. प्रदेश सशर्त	५०१५३०	
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय	३१०४७३०।५०	३१०४७३०।५०	पुँजीगत खर्च		१११२५५९८४
२. वित्तीय हस्तान्तरण (संघ)		३९८५४४२०३।३५	१. पालिका तर्फ	३७४४५४५	
क) समानीकरण अनुदान	९३४११६८०		२. संघीय सशर्त	१०२६५३२०	
ख) राजस्व बाँडफाँट	६६४७२९००।३५		३. संघीय विशेष		
ग) सशर्त अनुदान	२२९२६७५००		४. संघीय समपुरक	९३४५५९९	
घ) समपुरक अनुदान	९३४५५९९		५. प्रदेश सशर्त		
ङ) विशेष अनुदान			६. प्रदेश विशेष	२९४९१८६	
च) रोयल्टी	४६५२४		७. प्रदेश समपुरक	८३३०४२४	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१२८२५००००
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३२५३८१७६।८८	क) सामाजिक सुरक्षा	७८७१४०००	
क) समानीकरण अनुदान	९३३८०००		ख. स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम	८६०००००	
ख) राजस्व बाँडफाँट	९७०५६६।८८		ग. विद्यालय शिक्षा क्षेत्र योजना- (प्रदेश तथा स्थानिय तहका लागी)	१४७०००	
ग) सशर्त अनुदान	१०९५००००		घ.उच्च पहाडी एवम् हिमाली क्षेत्र समृदि कार्यक्रम	१२०००००	
घ) समपुरक अनुदान	८३३०४२४		ङ.स्वास्थ्य सुधार कार्यक्रम	३६००००	
ङ) विशेष अनुदान	२९४९१८६		च.एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३९२२९०००	
च) रोयल्टी			अन्तर सरकारी अख्तियारी (प्रदेश)		

छ) अन्य			ऋण फिर्ता(साँवा)		
			ऋणको ब्याज भुक्तानी		
			धरौटी फिर्ता तथा सदर स्याहा	३८४४६९६	३८४४६९६
			विविध कोष खाता	२३७४५१८	२४४३८९८
४. **अन्तर सरकारी अख्तियारी (संघ)**		१२८२५००००	प्रकोप व्यवस्थापन कोष खाता	६९३८०	
क) सामाजिक सुरक्षा	७८७१४०००		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख. स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम	८६०००००		अन्य सहयोगमा सञ्चालित योजना		
ग. विद्यालय शिक्षा क्षेत्र योजना -(प्रदेश तथा स्थानिय तहका लागी)	१४७०००		अन्य खर्च भएमा		
घ.उच्च पहाडी एवम् हिमाली क्षेत्र समृदि कार्यक्रम	१२०००००				
ङ.स्वास्थ्य सुधार कार्यक्रम	३६००००				
च.एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३९२२९०००				
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		२५८४४६३१।१२
६. ऋण/ **वित्तीय व्यवस्था**			१. संघ तर्फ		
७. धरौटी आय	३५११७८०	४०१८४५२	क) सशर्त अनुदान	२४३०३४६१।१२	
८विविध कोष खाता	५०६६७२		ख) विशेष अनुदान		
९ प्रकोप व्यवस्थापन कोष खाता	०		ग) समपुरक अनुदान		
१०. **गैरसरकारी संस्थाबाट सञ्चालित योजना**			२. प्रदेश तर्फ		
११. **अन्य सहयोगमा प्राप्त सञ्चालित योजना**			क) सशर्त अनुदान	१५४११७०	
१२. **अन्य आय भएमा**			ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		१७५८५५६०।४९
			१. संचित कोषको मौज्दात	६५९६०५५।५१	
			२. धरौटी	९९०४२३५	
			३. कार्यसञ्चालनकोष	१०८५२६९।९८	

			४. अन्यकोष		
जम्मा	**५८८६१५७८८।६१**		**जम्मा**	**५८८६१५७८८।६१**	

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्छ । पालिकाले अन्तरसरकारी अख्तियारी प्राप्त निम्न अनुसार रु. १२ करोड ८२ लाख ५० हजार सुत्रमा लेखाङ्कन गरेको छैन भने सुत्रको २७० अनुसुची १ को विवरणमा कोष, धरौटी थपघट तर्फ समायोजन मात्र भएको छ । जसले गर्दा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

क्र.सं.	बजेट उपशीर्षक	बजेट	खर्च
१	३१४०१०१२ सामाजिक सुरक्षा तथा संरक्षण	७,८७,१४,०००.००	७,८७,१४,०००.००
२	३४७०२११० उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम	१२,००,०००.००	१२,००,०००.००
३	३५००१८०१ विद्यालय शिक्षा क्षेत्र योजना - (प्रदेश तथा स्थानीय तहका लागि)	१,४७,०००.००	१,४७,०००.००
४	३६५०११११ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम	८६,००,०००.००	८६,००,०००.००
५	३७०००११४ स्वास्थ्य सुधार कार्यक्रम	३,६०,०००.००	३,६०,०००.००
६	३७०००११६ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३,९२,२९,०००.००	३,९२,२९,०००.००
	जम्मा	१२,८२,५०,०००.००	१२,८२,५०,०००

२.३ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय यस वर्षको प्राप्ति रु.१५ करोड ८१ लाख १३ हजार ८४ र यस वर्षको भुक्तानी रु.१६ करोड ३ लाख ८३ हजार २२५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	४०,८३,४२,४७९	४१,०६,४७,००३
एकीकृत आर्थिक विवरणअनुसार	५६,६४,५५,५६३	५७,१०,३०,२२८
फरक	१५८११३०८४	१६०३८३२२५

२.४ पालिकामा रहेका कोषहरुको आम्दानी खर्च निम्नानुसार रहेको छ ।

कोष हिसाबको नाम	शुरु मौज्दात	प्राप्ति	भुक्तानी	बाँकी
स्थानीय तह धरौटी खाता	१०२३७१५१	३५११७८०	३८४४६९६	९९०४२३५
विविध खर्च खाता	२९५३११५.९८	५०६६७२	२३७४५१८	१०८५२७०
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	६९३८०	०	६९३८०	०
जम्मा	१३२५९६४७	४०१८४५२	६२८८५९४	१०९८९५०५

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रु.२१२२२८८.६२।०, पुँजीगत खर्च खातामा रु.१७८२४३४०।० र विभाज्यकोषमा र.०।० समेत गरी रु.३९०४४७२२।६२।० मौज्दात रहेकोमा २०८२ साल असार महिना ३२गतेमा संचित कोषमा रु. ३९०४४७२२।६२ट्रान्सफर गरेको छ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नभएको ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तर्जुमा गरी कार्यान्वयन नगरेको ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत रहेको ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको।

वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नरहेको।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने सुझाव कार्मायान्वयन नगरेको ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार नगरेको ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार नभएको।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता नराखेको ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली तर्जुमा गरी कार्यान्वयन नभएको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नभएको ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार दर्ता नभएका ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नु गराउनु पर्नेमा पुर्ण पालना नभएको ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६३ जनाको दरबन्दी रहेकोमा २४ दरबन्दी रिक्त रहेकोमा रिक्त मध्ये लोक सेवा आयोगमा माग गरी पठाएको संख्या शुन्य रहेको छ।

• मिति २०८२।३।१५ मा प्रदेश राजपत्रमा प्रकाशित सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको (गठन तथा संचालन) ऐन, २०८१ को दफा ७ बमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री माधवी जोशी ले मिति २०८१।०३।१० गते रु.४८ करोड ३४ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

५ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **गत बर्षको दायित्व** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०८०।८१ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.५२८०००० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी आधारमा यो बर्ष २०८१।८२ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरेर भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

८ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यो वर्ष कुल पूँजीगत खर्च रु.११ करोड १२ लाख ५६ हजार मध्ये मध्ये चौथो त्रैमासिकमा रु.७ करोड ३ हजार (६२.९२ प्रतिशत) र असार महिनामा मात्र रु.५ करोड २३ लाख ७० हजार (४७.०७ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिकभित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने हुँदा स्विकृत कार्यक्रम अनुसार समयमै पुँजिगत खर्च गर्नुपर्दछ।

क्र.स.	**बजेटउपशिर्षक**	**कुलखर्च**	**त्रैमासिकखर्च**				
			प्रथमत्रैमासिक	**दोस्रोत्रैमासिक**	**तेश्रोत्रैमासिक**	**चौथो त्रेमासिक**	**आषाढमहिना**
	पूँजिगतखर्चतर्फ	११,१२,५६	१,१७,००	९५,२४	२००२८	७,००,०३	५२३७०
	प्रतिशत	१००	१०.५१	८.५६	१८	६२.९२	४७.०७

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.११ करोड १२ लाख ५६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड १७ लाख मात्र अर्थात १०.५१ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.९५ लाख २४ हजार, अर्थात ८.५६ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.२ करोड २८ लाख, अर्थात १८ प्रतिशत र चौथो त्रैमासिकमा रु.७ करोड ३ हजार अर्थात ६२.९२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड २३ लाख ७० हजार अर्थात ४७.०७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्चप्रतिसतजम्माखर्चकोतुलनामा
१	आर्थिकविकास	१६११३०००	१३५८७७०२	३.३%
२	पूर्वाधारविकास	९२९९५५४६	७३५३४५१३	१७.९०%
३	सामाजिकविकास	२८२१६२०००	२४२८५६६२३.५९	५९.१४%
४	वातावरणतथाविकास	-	-	-
५	संस्थागतविकास, सेवाप्रवाहरसुशासन	२८८६३०००	२३७३१३९५.६४	५.७८%
६	अन्यकार्यालयसंचालनतथाप्रशासनिक	६३२४८९७८	५६९३६७६८.७७	१३.८७%
	जम्मा	**४८,३३,८२,५२४**	**४१०६,४७,००३**	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५९.१४ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ३.३ प्रतिशत रहेको छ । साथै वातावरण तथा विकासमा बजेट तथा खर्च शुन्य रहेको छ। स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

१० **खर्चको विश्लेषण:**

पालिकाले गत वर्षको जिम्मेवारीबाट रु. २२१६०२२५.८८, यसबर्ष कुल आन्तरिक आयबाट रु. ३१०४७३०.५०, राजस्व बाँडफाँडबाट रु.६७४८९९९१.२३, संघीय सरकार अनुदानबाट रु. ३३२०२४७७९, प्रदेश सरकार अनुदानबाट रु. ३१५६७६१० र अन्तर सरकारी अख्तियारी प्राप्त रकम रु. १२८२५०००० समेत रु.५८ करोड १७ लाख ९७ हजार ३३६.६१ आम्दानी भएकोमा चालु तर्फ रु.२९९३९१०१९ र पुँजीगत तर्फ रु. १११२५५९८४, समेत रु.५४ करोड २७ लाख ४१ हजार ६९९ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७४ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.६८४०५०० खर्च भएको छ जुन आन्तरिक आयको २२०.३२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.२३ प्रतिशत चालु र २७.७६ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्य बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनु पर्दछ।

११ **लक्ष्य प्रगति :**

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३४ मा कार्यक्रमको त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

१२ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२ग) बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले यो बर्ष पुजिगत तर्फ रु ४० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पुजीगततर्फ रु २७९०६०० खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१३ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले विभिन्न बैठकबाट १०७ वटा कार्यक्रम

घटाएर १३० योजनामा रु. ४ करोड ११ लाख ६६ हजार रकमान्तर गरेको छ। शुरु बजेट विनियोजन भएका योजना कटौति गरी पटके निर्णयबाट नयाँ योजनाको लागि रकमान्तर गरी खर्च गर्ने परिपाटी बजेट सिद्धान्त विपरित देखिन्छ।

१४ **कार्यक्रमगत प्रगति विवरण:**

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३४ मा कार्यक्रमको त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले वार्षिक योजना तथा बजेटमा प्रस्ताव गरि तोकिएको लक्ष्य पुरा गर्न अधिकतम पहल गर्नुपर्दछ । कार्यालयले यस वर्ष देहायका ४९ वटा योजनाहरुमा बजेट व्यवस्था गरेकोमा ती योजनाहरुमा शुन्य प्रगति पेश गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरि कार्यान्वियनमा लैजानुपर्दछ । पूजीगत तर्फ शुन्य प्रगति भएका योजनाहरु निम्नानुसार छन ।

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम	विनियोजन	खर्च	खर्च (%)
१	लक्ष्मी स्मृति प्रतिष्ठान	७,००,०००.००	०.००	०.००
२	हरिचन्द्र मन्दिर घेर पर्खाल र गेट निर्माण लेकम २	४,००,०००.००	०.००	०.००
३	गोइलाड दलित बस्ती छाना मर्मत (जानकी सार्की)	२५,०००.००	०.००	०.००
४	लटिनाथ केदारनाथ मौरी प्रवर्द्धन	१,००,०००.००	०.००	०.००
५	विभिन्न DPR/IEE/EIA /भुमी बर्गीकरण	७,५०,०००.००	०.००	०.००
६	विभिन्न DPR/IEE/EIA /भुमी बर्गीकरण	३,००,०००.००	०.००	०.००
७	खम्तड खा पा मर्मत लेकम ३	१,५०,०००.००	०.००	०.००
८	जिल्ला समन्वय समितिको सभाहल निर्माण	१,००,०००.००	०.००	०.००
९	बडीपूर मा.वि. घेर पर्खाल निर्माणका लागि ढुंगा ढुवानी खर्च	३०,०००.००	०.००	०.००
१०	लटिनाथ नमुना मावि चौपाता भवन प्लाष्टर तथा विविध	८,००,०००.००	०.००	०.००
११	गल्ला केदार मन्दिर गेटसंरक्षण लेकम ४	१,००,०००.००	०.००	०.००
१२	इन्धन स्काइभेटर	६,००,०००.००	०.००	०.००
१३	बालिचन आ वि भाटाइजर २ कोठे भवन मर्मत	३,००,०००.००	०.००	०.००
१४	कविन्द्र कृषि तथा पशुपन्छि फर्म अनुदान बाख्रा प्रर्वद्धन)	५०,०००.००	०.००	०.००
१५	चनाकोटा आकाशे ट्याङ्की निर्माण	४०,०००.००	०.००	०.००
१६	सल्ला खानेपानि व्यवस्थापन	१,००,०००.००	०.००	०.००
१७	सुगरखाली मन्दिर घेरपर्खाल निर्माण	१,००,०००.००	०.००	०.००
१८	सुगरखाली मन्दिर घेरपर्खाल निर्माण	६०,०००.००	०.००	०.००
१९	कालासैनी मन्दिर निर्माण छड्वे	१,००,०००.००	०.००	०.००
२०	सार्की टोल मुहान संरक्षण	७०,०००.००	०.००	०.००
२१	कुमलकडा भान्साघर प्लाष्टर झ्यालढोका तथा विविध	६०,०००.००	०.००	०.००
२२	तल्लो गाउँ गौरेघर व्यवस्थापन गराडी	५०,०००.००	०.००	०.००
२३	बगरपाटा मन्दिर व्यवस्थापन	५०,०००.००	०.००	०.००
२४	दिवा खाजा भण्डारण बक्स निर्माण (९ वटै विद्यालयमा)	५०,०००.००	०.००	०.००
२५	माथिल्लो किम्तड सिचाई मर्मत	५०,०००.००	०.००	०.००
२६	खम्तड देखि रतौडा सम्म घोरेटो बाटो झाडी सफाई	७५,०००.००	०.००	०.००
२७	सामुदायिक स्वास्थ्य इकाई कुस्कडा भवन निर्माण	१,००,०००.००	०.००	०.००
२८	माथिल्लो कौलेती कैलपाल मन्दिर घेरपर्खाल निर्माण	१,५०,०००.००	०.००	०.००
२९	माथिल्लो कौलेति कैलपाल मन्दिर घेर पर्खाल निर्माण	१,००,०००.००	०.००	०.००
३०	खला दलित टोल आइरन घर निर्माण	५०,०००.००	०.००	०.००

३१	ऐरीछिना खानेपानी मुल सुधार तथा लाइन मर्मत	२,५०,०००.००	०.००	०.००
३२	गल्ला केदार मा वि खरकडा माथि खा पा ट्यांकी निर्माण	१,००,०००.००	०.००	०.००
३३	दलित टोल देखि भण्डारि घर सम्म पिसिसि बाटो निर्माण	२,००,०००.००	०.००	०.००
३४	पार्सिला मन्दिर टकना	१,७५,०००.००	०.००	०.००
३५	लाटदेवता मन्दिरको देवाल निर्माण तथा मर्मत	१,५०,०००.००	०.००	०.००
३६	रुन्नडा सिचाइ ट्याकीं मर्मत	५०,०००.००	०.००	०.००
३७	सांस्कृतिक प्रवर्दन कार्यक्रम	३०,०००.००	०.००	०.००
३८	पिड गोगना सिम्खेत बिराली खानेपानी तथा सिचाइ योजना	१,५०,०००.००	०.००	०.००
३९	ओगलेसाड पिपल चौतारी निर्माण	५०,०००.००	०.००	०.००
४०	राम मन्दिर भवन निर्माण मेल्लाउ	२,००,०००.००	०.००	०.००
४१	खापा ट्यांकी मर्मत लेक	५०,०००.००	०.००	०.००
४२	खापा योजना निर्माण खेताली	७५,०००.००	०.००	०.००
४३	खापा ईन्टेक निर्माण घुङ्याड	५०,०००.००	०.००	०.००
४४	लटिनाथ भान्साघर व्यवस्थापन	५०,०००.००	०.००	०.००
४५	लटिनाथ भान्साघर व्यवस्थापन	२५,०००.००	०.००	०.००
४६	पिसिसि बाटो निर्माण सेजाली	१,००,०००.००	०.००	०.००
४७	लटिनाथ भान्साघर मर्मत प्लास्टर	५०,०००.००	०.००	०.००
४८	वाल निर्माण तल्लो लेड्डेकोट	५०,०००.००	०.००	०.००
४९	बडीपुर पट्युडी उचाकोट सडक	४२,५०,०००.००	०.००	०.००

१५ **वार्षिक खरिद योजनाः**

सार्बजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले बार्षिक १० करोड भन्दा बढीको खरिद गरेदा खरिद गुरुयोजना र नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा बार्षिक खरिद योजना बनाउनु पर्ने ब्यवस्था गरेको छ । यस पालिकाले विभिन्न शिर्षक अन्तर्गत रु ११९८५५९८४ को पूँजीगत खर्च / खरिद निर्माण कार्य गरेको छ । पालिकाले उक्त कानूनी व्यवस्थालाई पालना गरेको देखिएन । अतः उक्त नियमावली बमोजिम खरिद योजना / गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिदकार्य गर्नु पर्दछ।

१६ **टुक्रे खरिद नियन्त्रणः**

सार्बजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने ब्यवस्था रहेको छ। कार्यालयको जिन्सी शाखाबाट बिभिन्न मिति र समयमा बिभिन्न फर्महरुवाट सोझै खरिद बिधीबाट मसलन्द तथा ब्यवस्थापकीय जिन्सी सामग्रीहरु तथा नव निर्मित प्रशासकीय भवन मा आवश्यक फर्निचर, कार्पेट पर्दा खरिद लगायतमा कार्यालयले यस आ.ब मा रु.४७,३४,८७०/- रकम खर्च देखिन्छ। सरकारी खरिदलाई प्रतिस्पर्धात्मक रुपबाट कार्यान्वयन गर्नुपर्नेमा सो नभएको साथै सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ८६ अनुसार सोझै खरिद गर्नु अघि यकिन गर्नुपर्ने कुराहरु लाई समेत फलो गरिएको छैन। बार्षिक खरिद योजना तथा खरिद गुरुयोजना निर्माण गरी एकमुष्ट रुपमा प्रतिस्पर्धात्मक रुपमा खरिद गर्ने ब्यवस्था मिलाई

कार्यालयमा सप्लाई भई दाखिला हुने सामग्रि खरिद समिति/इकाइ बाट तोकिएको गुणस्तर र परिमाणमा रहेको अनुगमन समेत हुनु पर्दछ ।

१७ **मध्यकालिन संरचना**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुटयाउन आवश्यकताको पुष्ट्याइँ, योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गर्न बाँकी रहेको देखियो । ऐनमा व्यवस्था भएबमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ।

१८ **तलबी प्रतिवेदन पारित नगरेको**

सुदुरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ दफा ४७ को उपदफा २ ले कार्यालयले तलबी प्रतिवेदन पारित गरेर मात्र तलबभत्तामा खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले तलवी प्रतिवेदन पारित नगरी रु. ३६४०५६०६.७ तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

१९ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६५ जना कर्मचारीहरु करारमा राखि रु. १८८१६४८७.३३ खर्च लेखेको छ ।

२० **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । साथै मिति २०८२।३।१५ मा प्रदेश राजपत्रमा प्रकाशित सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको (गठन तथा संचालन) ऐन, २०८१ को दफा ६८ (१) मा योगदानमा आधारित निवृत्तिभरण र प्रदेश तथा स्थानीय सेवामा कार्यरत कर्मचारीको सुविधा उपलब्ध गराउन प्रदेशमा एक कोष रहने र उपदफा ८ मा स्थानीय तहबाट प्रदान गरिने निवृत्तिभरण, उपदान, उपचार खर्च, विशेष आर्थिक सुविधा, संचित बिदा बापतको रकम भुक्तानी सोही कोषबाट हुने व्यवस्था छ। पालिकाले गत वर्षको सुरु मौज्दात रु.१० लाख रहेकोमा यस वर्ष आन्तरिक स्रोतबाट कर्मचारी कल्याण कोषमा रु.८५६०५९ ट्रान्सफर गरेको छ ।

२१ **कर्मचारी फिल्ड भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून बनाएर यो बर्ष १५ जना प्राविधिक जनशक्ति र वडामा खटिने वडासचिवहरुलाई २०८१ चैत्र देख २०८२ आषाढसम्म आधारभुत तलबको २५ प्रतिशत रकम फिल्ड भत्ताबापत राजस्व बाडफाड स्रोतबाट रु.४००३६० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,००,३६०

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य

श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२३ **सेवाप्रवाहको स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	जम्मा
जन्मदर्ता	४८८
मृत्युदर्ता	१४५
बसाईसराईदर्ता	१६५
विवाहदर्ता	१५२
सम्बन्धविच्छेददर्ता	१
नागरिकता सिफारिस	५९०
घरबाटोसिफारिस	१३१
नाताप्रमाणित	७०१

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२४ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, ५० कार्यविधि/निर्देशिका/मापदण्ड लगायत ५८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ५८ वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरेतापनि १ वटा कानून बाहेक अन्य कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२५ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष ३ वटा विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भएको तथा फछयौट भएका मध्ये अदालत गएको मुद्धासंख्या १ देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२६ **आन्तरिक लेखापरीक्षण प्रतिवेदन**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको वर्षको अन्त्यमा मात्र आन्तरिक लेखापरीक्षण गराएको देखियो। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.११००००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२८ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविध कार्यालयसञ्चालनतर्फ मात्र रु.२० लाख ८४ हजार खर्च गरेको छ । पालिकाले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२९ **पेश्की बाकीः**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **९४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

३० **ईन्धन तथा मर्मत खर्च**

सरकारी लेखा निर्देशिका, २०७३ को बुँदा नं. ४.७.३ अनुसार ईन्धन माग गर्दा माग फारम स्वीकृति गरी माग गर्ने र ईन्धन प्रयोग भइसकेपछि प्रयोग भएको विवरण तथा परिमाण सहित तोकिएको ढाँचामा लग बुक पेश गर्नुपर्ने व्यवस्था छ। साथै पुँजीगत सम्पत्तिको मर्मत सम्भार गर्दा सम्बन्धित कर्मचारीबाट मर्मत सम्भार गर्नुपर्ने सामानको विवरण लिई लागत अनुमान तयरा गरी जाँच गरी खरीद शाखाले अख्तियार प्राप्त अधिकारीबाट स्वीकृति लिई मर्मत सम्भार कार्य गराउनु पर्दछ र मर्मत सम्भारगरिएका सामान मर्मत सम्भार गरिएका सामान मर्मत सम्भार भएको क कुरा सम्बन्धित सवारी साधन वा मेसिनरी सञ्चालन गर्ने कर्मचारी वा प्राविधिकबाट प्रमाणित गराई मर्मत गरिएको पुरानो पाटपुर्जा सामान भण्डारमा फिर्ता गरी सोको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था उल्लेख छ । तर गाउँपालिकाले ईन्धन तर्फ रु.४६ लाख र मर्मत सम्भार तर्फ रु.३४ लाख बजेट बिनियोजन गरी क्रमश: ईन्धन तर्फ हेभि ईकुइपमेन्ट -२, चारपाङ्गे सवारी साधन-२ र दुई पाङ्गे सवारीसाधन-१० गरी कुल १४ वटा सवारी साधनमा रु.३० लाख ४३ हजार तथा मर्मत सम्भार खर्च रु.२५ लाख ३२ हजार लेखाङ्कन गरेकोमा मर्मत अभिलेख नराखेको लगबुक प्रमाणित गरी राख्ने नगरेको एवं मर्मत सम्भार गरेका पुराना सामानहरू भण्डारमा फिर्ता सम्म नगरेकोले कार्यालयले यसरी निर्देशिका विपरित खर्च गर्ने कार्य बन्द गर्नुपर्दछ।

३१ **डोजर, लोडर, एक्साभेटर मर्मत :**

पालिकाले यस वर्ष डोजर, लोडर र एक्साभेटरको मर्मतमा रु.११ लाख ८९ हजार तथा ईन्धनमा रु.२६ लाख ९ हजार-खर्च गरेकोमा विभिन्न मेशिनमा भएको खर्च छुटै अभिलेख राखेको पाईएन । उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु १६,००,०००।- मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । पालिकावाट हाल सम्म मेशिन संचालन कार्यविधि तयार नगरेको तथा सो बाट प्राप्त आम्दानीको अभिलेख राखेको पाईएन । आवस्यक कार्यविधि तयारी र आम्दानीको अभिलेख राख्नु पर्दछ ।

३२ **ठेक्काको विवरण**

निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

३३ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश तथा संघको बजेटबाट खर्च गरी बाँकी रहेको देहायअनुसारको रकम सम्बन्धित खातामा फिर्ता पठाएको छ ।

क्र.स	विवरण	फिर्तारिकम
१	संघीयसशर्तअनुदानचालु	२३५६८७८१.१२
२	संघीयसशर्तअनुदानपुजिगत	७३४६८०
३	संघीयसमपुरकअनुदान	०
४	संघीयविशेषअनुदान	०
५	प्रदेशसशर्तअनुदानचालु	४८४७०
६	प्रदेशसशर्तअनुदानपुर्जिगत	१४९२७००
७	प्रदेशसमपुरकअनुदान	०
८	प्रदेशविशेषअनुदान	०
	कुलजम्मा	२,५८,४४,६३१.१२

३४ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले यसवर्ष कृषि, पशु, सामान खरिदमा विभिन्न व्यक्ति तथा संस्थालाई अनुदानमा खर्च लेखेको छ। साथै पालिकाले अनुगमन तथा मूल्याङ्कनमा रु. १,९२९,८९७ खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

मुख्यकार्यक्रम/मुख्य क्रियाकलाप	विनियोजन	खर्च
कृषिव्यवसाय पवद्र्धन तथा बजार विकास कार्यकैम	९,४३,०००.००	८,६३,५३०.००
फलफुल विकास कार्यक्रम	४,००,०००.००	३,७१,५९०.००
बाली विकास तथा संरक्षण कार्यक्रम	७,६८,०००.००	७,५१,७५०.००
जैविक तथा रासायनिक बिषादी वितरण	२,००,०००.००	१,९३,५००.००
बर्षे तथा हिउँदे तरकारी बिउबीजन वितरण	५,६८,०००.००	५,५८,२५०.००
भकारो कार्यक्रम	२०,००,०००.००	११,७६,५६१
बेमौसमी तरकारी बीउ बिजन खरिद	१,५०,०००.००	१,४५,९००.००
पोल्ट्री व्यवसायीलाइ अनुदान	२,००,०००.००	१,९३,४००.००

३५ **भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली २०६४ ले कुनै कर्मचारीलाई भ्रमणमा खटाउदा भ्रमणको उद्देश्य उखल्लेख गर्नुपर्ने . भ्रमणबाट फर्केपश्चात उद्देश्यअनुरुपको कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धीसमेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसुचि-६ अनुसार को ढाचामा राखपर्ने व्यवस्था छ। पालिकामा यस आ.बमा अधिकाशं पदाधिकारी र कर्मचारीहरु बिभिन्न समय र स्थानमा सरकारी कामकाज देखाई भ्रमण खर्च भुक्तानी लिएको देखिन्छ । कार्यालयबाट भ्रमणमा खटाँउदा औचित्य खुल्ने, र आवश्यक हुने कामकाजमा मात्र खटाउनु पर्ने देखिन्छ। आवश्यकता र औचित्यताबेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटी अभिलम्ब नियन्त्रण हुन् पर्दछ ।

३६ **नागरिक वडापत्रः**

सुशासन व्यवस्थापन तथा संचालन नियमावलि, २०६५ नियम १४मा सर्बसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क गर्ने प्रत्येक सरकारी कार्यालयले कार्यालयको परिसरभित्र सबैले देखे उपयुक्त ठाउमा नागरिक वडापत्र राख्नुपर्ने व्यवस्था छ। नागरिकवडापत्रमा स्वा प्राप्त गर्न सेवाग्राहिले पेश गर्नुपर्ने कागजात, सेवाग्राहिले सेवा सम्बन्धमा गरेका गुनासो सुन्ने अधिकारिको नाम, पद सेवा प्रवाहको प्राथमिकता र क्षतिपुर्ति प्राप्त हुने वा नहुने स्वाहरु समेत खुलाउनु पर्ने अवस्था छ। पालिकाले नागरिक वडापत्र कार्यालय परिसरमा राखेपनि सेवाग्राहिले उद्देश्यअनुरुप प्रयोग गरे नगरेको अनुगमन गरेको पाइएन। नियमावलिको नियम १४ (ङ) मा नागरिक वडापत्रमा क्षतिपुर्ति प्राप्त हुने, नहुने सेवा किटान गरि उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ। यसै आधारमा क्षतिपुर्ति सहितको नागरिक वडापत्र व्यस्थापन निर्देशिका, २०६९ समेत कार्यान्वयनमा रहेको छ। सेवा प्रवाहलाई चुस्त, सहज, गुणस्तरीय एवं प्रभावकारी, सेवा प्रदायकलाई सेवाग्राहि प्रति जवाफदेही बनाउन यस नियमावलि र निर्देशिकालाई कार्यान्वयन गर्दै क्षतिपुर्ति सहितको नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन तर्फ ध्यान दिनु पर्दछ ।

३७ **आन्तरिक आय अनुमान र असुली**

३७.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । ,

	शिर्षक	अनुमान	असुली	असुली प्रतिशत
१	सम्पतीकर	२०००००	११३७९९	५६.९०
२	भुमिकर/मालपोत	२५००००	१९४००४	७७.६०
३	वहाल कर	११५०००	१२९२३३	११२.३८
४	व्यवसायलेभुक्तानी गर्ने	०	७४००	०.००
५	कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	१७००	०.००
६	सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय	२०००००	२३४९७५	११७.४९
७	अन्य सेवाशुल्क तथा बिक्री	१००००	०	०.००
८	न्यायिकदस्तूर	५०००	०	०.००
९	शिक्षाक्षेत्रको आम्दानी	१२००००	११२९२०	९४.१०
१०	परीक्षाशुल्क	०	२०१००	०.००
११	अन्यप्रशासनिक सेवा शुल्क	५०००	२०४०००	४०८०.००
१२	सिफारिशदस्तुर	३०००००	१९०३५०	६३.४५
१३	व्यक्तिगतघटना दर्ता दस्तुर	१५००००	१३६३००	९०.८७
१४	नाताप्रमाणित दस्तुर	२५०००	२४२००	९६.८०
१५	अन्यदस्तुर	५००००	३३९००	६७.८०
१६	व्यावसायरजिष्ट्रेशन दस्तुर	६००००	५५५३०	९२.५५
१७	जलस्रोतसम्बन्धी अन्य दस्तुर	५०००	०	०.००
१८	अन्यक्षेत्रको आय	५०००	०	०.००
१९	प्रशासनिकदण्ड, जरिवाना र जफत	५०००००	७५८४७४	१५१.६९
२०	अन्यराजस्व	५०००००	४१४३५५	८२.८७
२१	बेरुजू	१०००००	४१६९९१	४१६.९९
२२	निकासाफिर्ता	०	२००००	०.००
२३	बैंकमौज्दात	१२५०००००	०	०.००
जम्मा		**१५१०००००**	**३०६८२३१**	**२०.३२**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३७.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १५१००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा

रु.३०६८२३१ अर्थात अनुमानको २०.३२ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३७.३ **क) राजश्व ठेली** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

ख)व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.६२९३० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३७.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रियअनुदानबाटखर्च (राजस्व बाडफाड बाहेक)	आन्तरिकआय	आन्तरिकआयप्रतिशत
३८३,०२७,२७१	३१०४७३०.५०	०.८१ प्रतिशत

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३८ **एकल पुरुष भत्ता**

पालिकाले आ. २०७९/०८० बाट सामाजिक सुरक्षा अन्तर्गत लेकम गाउँपालिकाको एकल पुरुष भत्ता वितरण समन्धि मापदण्ड, २०८० स्वीकृत गरी एकल पुरुष भत्ता वाफत प्रतिब्यक्ति रु.६०० को दरले भत्ता रकम वितरण गर्दै आइरहेको छ। आ.ब. २०८१।८२ मा ३,८८,८००/- रकम बिदुर भत्तामा वडा सचिबहरुको नाममा निकाशा भएको छ। मापदण्डमा उल्लेख भए बमोजिम एकल पुरुष भत्ता निजहरुकै खातामा बैङ्किङ प्रणाली मार्फत वितरण गर्नुपर्नेमा वडासचिवहरुलाई पेश्की दिइ वितरणको भरपाई पेश गरेको नियमसम्मत नेदेखिएको

अनियमित भएको	३,८८,८००

३९ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १,२०,९३,००० तलब भत्ता भुक्तानी गरेको पाईयो ।

४० **बढी तलबभत्ता निकासाः**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै पनि विध्यालयले आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। पालिकाले विद्यालयका शिक्षकहरुको तलबभत्ता अनुदान निकासा गर्दा देहायका विद्यालयका शिक्षकलाई निम्नानुसार बढी रु.१०८३३३।०० अनुदान निकासा गरेको देखिएकोले उक्त बढी निकासा रकम सम्बन्धित विद्यालयबाट फिर्ता हुनुपर्ने रु...

गो.भौ.नं.। मिति	विद्यालयको नाम	विवरण	बढी निकासारु.
६६। ०८१।९। ४	केदारनाथ प्रा.वि.,वित्थड	दोस्रो त्रैमासिकमा मदन सिंह बोहोरा-प्रा.वि.तृतीय मिति२०८१।८।६मा अवकाश भएकोमा निजको मासिक तलब रु.४९०६२ का दरले ३ महिनाको तलब रु.१४७१८७ निकासा भएकोले अवकाश पश्चातको रकम बढी निकासा भएको।	८८३१२
	कृष्ण मा.वि.,लाली	तेस्रो त्रैमासिकमा लिलाधर ओझा-मा.वि.तृतीय मिति २०८१।१२।२२ मा अवकाश भएकोमा निजको मासिक तलब रु.७५०८१ का दरले ३ महिनाको तलब तथा पोशाक समेत रु.२३५२४२ निकासा भएकोले अवकाश पश्चातको रकम बढी निकासा भएको ।	२००२१
		जम्मा	**१०८३३३**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१२४,०८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,०८,३३३

४१ **माध्यमिक तह शिक्षण सहयोग अनुदानः**

नेपाल सरकारको शिक्षा मन्त्रालयद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.४० मा माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सम्बन्धी व्यवस्थामा मा.वि. तहमा प्रति शिक्षक मासिक रु.४३६८९ का दरले १२ महिनाको पारिश्रमिक, पोशाक खर्च र चाडपर्व खर्च तथा आ.वि.तहमा प्रति शिक्षक मासिक रु.३४७३० का दरले १२ महिनाको पारिश्रमिक , पोशाक तथा चाडपर्व खर्च उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले माध्यमिक तह शिक्षण सहयोग अनुदान शीर्षकमा निम्नानुसारका विद्यालयहरुलाई माध्यमिक तह शिक्षण सहयोग अनुदान प्रदान गरेकोमा शिक्षकहरुको नियुक्ति पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु.

विद्यालय	विवरण	खर्च लेखेको रु.	बढी निकासा रु.	कैफियत
केदारनाथ मा. वि . धरमघर	३ जना मा. वि . शिक्षकको मासिक रु . ४३६८९ का दरले दोस्रो त्रैमासिकको निकासा	३३४९४९	१३१०७	दिपमाला भट्ट २०८०।९।२५ नियुक्त रु.१३१०६७, मन्जु जोशी २०८१।६।२१ नियुक्तलाई रु.१३१०६७ र यज्ञराज जोशी मिति २०८१।८।२० मा नियुक्तलाई रु.५९७०८ गरी कुल रु.321842 निकासा हुनुपर्नेमा बढी निकासा रु.१३१०७
	कुल जम्मा	३३४९४९	१३१०७	

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१३१,०६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **८१,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१३,१०७

४२ **दोहोरो लेखापरीक्षण रकम:**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **कार्यसम्पादनमा आधारित अनुदान:**

नेपाल सरकारको शिक्षा मन्त्रालयद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप ९.५(क) मा नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान अन्तरगत नमूना विद्यालयको रुपमा छनोट भएका विद्यालयका लागि विद्यालयमा १००० जना सम्म विद्यार्थी भए विद्यालयले गुरुयोजना अनुसार खर्चका क्षेत्रसहित कार्ययोजनासहित स्थानीय तहमा माग गरेमा प्रति विद्यालय रु.३० लाख अनुदान उपलब्ध गराउन सकिने र उक्त रकम दोहोरो नपर्ने गरी छात्रवृत्ति, विज्ञान विषय पठनपाठनका लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला संचालन एवं अद्यावधिक, गुणस्तर अभिवृद्धि कार्यक्रम (क्षमता विकास, विज्ञान प्रदशर्नी, सामाग्री व्यवस्थापन, स्थलगत अध्ययन भ्रमण लगायत) र स्वीकृत गुरुयोजना बमोजिम बाकी काममा खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले लाटिनाथ मा.वि., रिठाचौपाताको विद्यालय व्यवस्थापन समितिको निर्णयले शैक्षिक तथा व्यवस्थापकीय कार्यक्रमहरुमा संसोधन गरी निम्नानुसारका शीर्षकहरुमा खर्च लेखेको देखियो ।

क्र.स.	खर्चविवरण	रकमरु.
१	शैक्षिकअवलोकनभ्रमण	१३०६०२१
२	स्मार्टबोडरल्यापटपखरिद	९९७७९०
३	सी.सी.टिभीमर्मत	२०००००
४	हस्तलेखनतालिम	२०२२००
५	लेखापरीक्षण	८५०००
६	विद्यार्थीपुरस्कार	६१०००
७	वार्षिकोत्सव	१५००५०
	जम्मा	**३००२०६१**

विद्यालयले १९ जना सोही विद्यालयका शिक्षकहरु र १ जना लेकम गाउँपालिकाका शिक्षा अधिकृत गरी कुल २० जना शिक्षक तथा अन्य कर्मचारीहरुलाई मिति २०८१।१२।१७ देखि १२।२९ सम्म १३ दिन शैक्षिक भ्रमण गरी रु.१३,०६,०२१ खर्च लेखेको देखियो। विद्यालयले शैक्षिक भ्रमणका क्रममा विभिन्न विद्यालयहरुमा अवलोकन गरेकोमा उक्त विद्यालयहरुमा प्रवेश बैठक, अवलोकनमा क्रममा देखिएका व्यहोराहरु, सिक्नुपर्ने विषयहरु लगायतका व्यहोराहरु समावेश गरी प्रतिवेदन पेश गरेको देखिएन। विद्यालयले उत्पादनमुलक तथा प्रतिफल दिने कार्यक्रममा खर्च गर्नेतर्फ जोड दिनुपर्दछ।

४४ **आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएको**

नेपाल सरकारको शिक्षा मन्त्रालयद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१० को बुदा ५.४ मा आधारभुत तह संचालित विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतमा वार्षिक रुपमा एकमुष्ट रु.१०००० तथा माध्यमिक तह संचालित विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतमा वार्षिक रुपमा एकमुष्ट रु.१५००० उपलब्ध गराउने व्यवस्था छ। पालिकाले गो.भौ.न।मिति 143/०८२।२।८ बाट ४७ सामुदायिक विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षणका लागि ३७ आधारभूत विद्यालयलाई रु.१०००० र ८ माध्यमिक विद्यालयहरुलाई रु१५००० का दरले कुल रु.४९०००० र गो.भौ.नं।मिति १८५।२०८२।३।१२ मार्फत नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान अन्तरगत लटिनाथ मा.वि., चौपातालाई लेखापरीक्षणबापत रु.८५००० गरी

कुल रु.५७५००० निकासा गरेको देखियो। पालिकाले लेखापरीक्षणका क्रममा विद्यालयहरुले आर्थिक वर्ष २०८१।८२ को आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको नदेखिएकोले लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,७५,०००

४५ **आधारभूत तहमा शिक्षण सिकाई अनुदान**

नेपाल सरकारको शिक्षा मन्त्रालयद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.४१ मा आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानसम्बन्धी व्यवस्थामा आ.वि.तहमा प्रति शिक्षक मासिक रु.३४७३० का दरले १२ महिनाको पारिश्रमिक , पोशाक तथा चाडपर्व खर्च उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले आधारभूत तह शिक्षण सहयोग अनुदान शीर्षकमा विभिन्न विद्यालयहरुलाई निम्नानुसार भुक्तानी गरेकोमा शिक्षक नियुक्तिको प्रमाण पेश नभएकोले पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

विद्यालय	**विवरण**	**खर्च लेखेको रु.**	**बढी निकासा रु.**	**कैफियत**
कृष्ण मा. वि ., लाली	२ जना आ. वि . शिक्षकको मासिक रु . ३४७३० का दरले दोस्रो त्रैमासिक निकासा	२०८३८०	१०४१९०	दमयन्ती जोशी मिति २०८०।१२।२१ मा समायोजन
	जम्मा	९८२८५८	१०४१९०	
कृष्ण मा. वि ., लाली	२ जना आ. वि . शिक्षकको मासिक रु . ३४७३० का दरले तेस्रो त्रैमासिक तथा पोशाक खर्च समेत निकासा	२२८३८०	१०४१९०	दमयन्ती जोशी मिति २०८०।१२।२१ मा समायोजन
		२२८३८०	१०४१९०	
		कुल जम्मा	**२०८३८०**	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१३८,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१०४,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१८,५२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,०८,३८०

४६ **प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारी:**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. १.१.४.१ मा विद्यालय सहयोगीको लागि प्रति विद्यालय १ जनाको लागि ८ हजारको दरले १३ महिनाको र माध्यमिक विद्यालयलाई १ जना विद्यालय कर्मचारीको लागि रू.१३५०० को दरले पारिश्रमिक निकासा दिने व्यवस्था छ। प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका, २०६७ को बुँदा २ मा पूर्व प्राथमिक कक्षामा भर्ना भएका विद्यार्थी संख्या २५ जनासम्म भएमा १ जना तालिम प्राप्त बालविकास सहजकर्ता राख्न पाउने उल्लेख छ । त्यस्तै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ८ (४) मा गाभिन जाने विद्यालयमा कार्यरत बालविकास सहजकर्ता र विद्यालय कर्मचारी गाभिएर जाने विद्यालयमा सरुवा गरिने तर गाभिएर जाने विद्यालयमा बालविकास सहजकर्ता र विद्यालय कर्मचारी आवश्यक नभएमा स्वतः हटाईने भन्ने व्यवस्था छ। पालिकाले कार्यविधि बमोजिम समायोजन गरेको विद्यालयको निम्न विद्यालयमा बालविकास सहजकर्ता र विद्यालय कर्मचारी नहटाई नियमित तलब निकासा दिएको छ । पालिकाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ७४, पत्र संख्या

२०७८।७९, मिति २०७८।६।१९ को पत्रले बालविकास सहजकर्ता र विद्यालय सहयोगीको उमेर हद ६० वर्ष कायम गर्ने परिपत्र भएकोमा पुन: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. २२१, पत्र संख्या २०७८।७९, मिति २०७८।११।१६ को पत्रले उमेरहदसम्बन्धी परिपत्र कार्यान्वियन नगरी यथास्थितिमा राख्नु भनि सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएको देखिएकोले पनि तलबभत्ता भुक्तानी गरिएको जनाएको छ। पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा व्यवस्था भएभन्दा बढी संख्यामा विद्यालय सहयोगी तथा बालविकास सहजकर्ताको तलबभत्ता विद्यालयको खातामा निकासा गरेको नियमसम्मत नदेखिएको रु.

विद्यालयकोनाम	कर्मचारीकोप्रकार	कार्यरतसंख्या	बढीसंख्या	तलबनिकासादररु.	जम्मा(चाडपर्वरपोशाकखर्चसमेत)रु.	बा.वि.के. मा अध्ययनरत विद्यार्थी संख्या
हुनैनाथमा.वि.,रातामाटा	विद्यालयसहयोगी	२	१	८०००	११४०००	६
हुनैनाथमा.वि.,कुनि	विद्यालयसहयोगी	२	१	८०००	११४०००	१०
कृष्णमा.वि.,लाली	बालविकाससहजकर्ता	२	१	१००००	१४००००	२०
लटिनाथमा.वि.,चौपाता	बालविकाससहजकर्ता	२	१	१००००	१४००००	२२
				जम्मा	५०८०००	

अनियमित भएको	५,०८,०००

४७ **दिवा खाजा अनुगमन तथा मूल्याङ्कन:**

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को कार्यक्रम अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तहले निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्यसामाग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाई स्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामाग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं १८२।०८२।३।१६ मार्फत दिवा खाजाको खाद्यान्न ढुवानीबापत ४७ विद्यालयहरुलाई ४९५३.६५ के.जी. खाद्यान्न कम्तीमा ०.०५ कोष अर्थात ०.१५ कि.मि. देखि बढीमा ५.१८ कोष अर्थात १६.९८ कि.मी. गरी कुल १११.४४ कोष अर्थात ३५७.७५ कि.मि. प्रति के.जी. प्रति कोष रु.५.५ का दरले ढुवानीबापत रु.५३५५७३ निकासा गरेको देखियो। पालिकाले दिवाखाजाको खाद्यान्न ढुवानीबापतको रकम निकासा गरेकोमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ बमोजिम स्थानीय तहले विद्यालयमा दिवा खाजा निर्धारित मापदण्ड तथा गुणस्तर अनुसार भए वा नभएको सम्बन्धमा यकिन गरेको छैन । पालिकाले मापदण्डमा व्यवस्था भएबमोजिम निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्यसामाग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाई स्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामाग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

४८ **शिक्षक दरबन्दी नभएको विद्यालयलाई एकमुष्ठ अनुदान:**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ मा शिक्षक दरबन्दी नभएका विद्यालयलाई एकमुष्ट १० लाख रुपैयाँ अनुदान दिने र यस्तो अनुदान प्राप्त गर्ने विद्यालयलाई अन्य कुनै किसिमको अनुदान उपलब्ध नगराउने, विद्यालय संचालनका लागि आवश्यकताका आधारमा स्थानीय तहले आफ्नो स्रोतबाट थप रकम उपलब्ध गराउन सक्ने र बार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को दफा ८ मा अनुदान रकमले शिक्षक, बालविकास सहजकर्ता र सहयोगीको पारिश्रमिक, विद्यालय व्यवस्थापन खर्च, शैक्षिक सामग्री खर्च र अन्य शैक्षिक सुधारको लागि आवश्यक खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले दरबन्दी नभएको एकमुष्ट अनुदान प्राप्त गर्ने खोदाइनाथ आ.वि., गडेतलाई गो.भौ.नं।मिति ९७ मार्फत एकमुष्ट रु.१० लाख अनुदान दिएकोमा पुन बालविकास सहजकर्ता र विद्यालय सहयोगीको वर्षभरिको तलब संघीय सशर्तबाट थप भुक्तानी दिएको पाइयो।

पालिकाले कार्यविधिबमोजिम एकमुष्ट अनुदान प्राप्त गर्ने उक्त विद्यालयलाई अन्य अनुदान दिने आधार नदेखिएको तथा थप सहायता दिनुपरे स्थानीय तहको आफ्नो स्रोतबाट अनुदान दिन सक्ने व्यवस्था भएकोले सो रकम स्थानीय तहबाट असुल हुनुपर्ने रु.२५४०००

भुक्तानी विवरण	**दर**	**महिना**	**जम्मा (चाडपर्व तथा पोशाक खर्च समेत) रु.**
बाल विकास सहजकर्ता	१००००	१२	१४००००
विद्यालय सहयोगी	८०००	१२	११४०००
		जम्मा	**२५४०००**

असुल गर्नुपर्ने	२,५४,०००

४९ **सेनिटरी प्याड ढुवानी:**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५० **सेनिटरी प्याड दाखिला:**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **४८६,७८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५१ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा पच्चीस लाख रुपैयासम्मको औषधीजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र उपनियम ३ख मा सोझै खरिद गर्दा त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरेको र स्थानीय डिलरलाई दिए सरहको छुट खरिद गर्ने सार्वजनिक निकायलाई दिएको यकिन गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहहरुले सोझै खरिदमार्फत रु.२०५६६२९ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन।

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन ।

• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक

वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५२ **क्षयरोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम:**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा आ.व. २०८१।८२ मा स्थानीय तहबाट संचालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तरगतका क्रियाकलापहरु संचालन सम्बन्धि मार्गदर्शनको पेज नं.६ मा क्रियाकलाप ३.१ समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखीकरण एवं घरदैलो क्षयरोग खोजपड्ताल कार्यक्रमको संचालन प्रक्रियामा क्षयरोग जोखिमयुक्त समुदाय भएको ठाँउ, वडा तथा टोलको पहिचान गर्ने र जोखिमयुक्त समुह बसोबास गर्ने समुदायका महिला स्वास्थ्य स्वयमसेविका, अन्य स्वयमसेवकहरु, आमा समूह, शिक्षक तथा धामी झाक्रीहरु आदिलाई क्षयरोग चिन्ह तथा लक्षण, बिरामीको सक्रिय खोजपड्ताल, कार्यक्रमको अभिलेख तथा प्रतिवेदनबारे १ दिने अभिमुखीकरण दिने व्यवस्था छ। पालिकाले गो.भौ.नं.।मिति १९०।०८२।३।१५ मा सो शीर्षकमा रु.१७२०० खर्च लेखेको देखियो। पालिकाले मिति २०८२।१।२२ मा सर्मौली स्वास्थ्य चौकी र मिति २०८२।१।२२ मा लाली स्वास्थ्य चौकीमा समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखीकरण एवं घरदैलो क्षयरोग खोजपड्ताल अभिमुखीकरण कार्यक्रम संचालन गरेकोमा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयमसेविकाहरुको मात्र उपस्थितिमा कार्यक्रम सम्पन्न गरी खर्च लेखेको देखियो। पालिकाले अन्य स्वयमसेवकहरु, आमा समूह, शिक्षक तथा धामी झाक्रीहरु लगायत अन्यलाई समेत सहभागी गराई कार्यक्रम सम्पन्न गर्नुपर्नेमा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयमसेवकहरु मात्र उपस्थित गराई कार्यक्रम सम्पन्न गरेकोले क्षयरोग खोजपड्ताल कार्यक्रमको उद्धेश्यअनुरुप क्षयरोग जोखिमयुक्त समुदाय भएको ठाँउ, वडा तथा टोलको पहिचान भएको सम्बन्धमा यकिन हुन नसकेकोले सो अभिमुखीकरण कार्यक्रममा खर्च गरेको रकम रु.१७२०० नियमसम्मत नदेखिएकोले अनियमित देखिएको रु.

अनियमित भएको	१७,२००

५३ **उत्तर प्रसुती घरभेट कार्यक्रम:**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा आ.व. २०८१।८२ मा स्थानीय तहबाट संचालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तरगतका क्रियाकलापहरु संचालन सम्बन्धि मार्गदर्शनमा मातृ तथा नवजात शिशु कार्यक्रम अन्तरगत क्रियाकलाप नं.१.१ मा स्थानीय तहमा उत्तर प्रसुती घरभेट कार्यक्रममा गतवर्ष घरभेट गर्नका लागि आवश्यक उत्तर प्रसुती घरभेटका लागि ब्याग व्यवस्था नगरेको भए सोको व्यवस्था गर्ने प्रावधान रहेको छ .। पालिकाले गो.भौ.नं.।मिति २०६।०८२।३।१७ मा मनकामना ब्याग हाउसको बिल नं.।मिति ६५।०८१।८।२५ मार्फत ८ वटा ब्याग खरिद तथा नर्सिङ कर्मचारीहरुलाई वितरण गरी रु.१२००० खर्च लेखेको देखियो। पालिकाले गतवर्ष सो कार्यक्रमबाट ब्याग खरिद गरि वितरण नगरिएको मौखिक जनाएको भएतापनि सोको सुनिश्चितता हुने लिखित आधार पेश भएको देखिएन। पालिकाले मार्गदर्शनबमोजिम सो कार्यक्रममा गतवर्ष ब्याग खरिद नभएको सुनिश्चितता गरेरमात्र खर्च लेख्नुपर्दछ।

५४ **पालिकास्तरीय पोषण कार्यक्रमको समीक्षा तथा कार्ययोजना:**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा आ.व. २०८१।८२ मा स्थानीय तहबाट संचालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तरगतका क्रियाकलापहरु संचालन सम्बन्धि मार्गदर्शनमा ३ दिने पालिकास्तरीय पोषण कार्यक्रम संचालन गर्ने, पहिलो दिनमा गत आ.व.को पोषण कार्यक्रमको समीक्षा, दोस्रो दिनमा पोषण कार्यक्रमको समीक्षाको आधारमा कार्यक्रमको विश्लेषण, मूल्याङ्कनका आधारमा पिछडिएको वर्ग, पहुच बाहिरको वर्ग, असहाय, विपन्न, अति विपन्न समूहलाई पोषण कार्यक्रममा के, कति समेटिएको छ वा छैन विश्लेषण गरी समेटिएका छैनन वा न्युन रुपमा समेटिएको छ भने सोही अनुसार उपयुक्त हुने गरि वार्षिक कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं.।मिति १९१।०८२।३।१५ मा पालिकास्तरीय पोषण कार्यक्रमको समीक्षा तथा कार्ययोजना निर्माण कार्यक्रममा रु.५५००० खर्च लेखेकोमा समीक्षा गरेतापनि कार्ययोजना तयार गरेको देखिएन। पालिकाले मार्गदर्शनमा व्यवस्था भएबमोजिम पोषण कार्यक्रमको समीक्षाको आधारमा कार्यक्रमको विश्लेषण, मूल्याङ्कनका आधारमा पिछडिएको वर्ग, पहुच बाहिरको वर्ग, असहाय, विपन्न, अति विपन्न समूहलाई पोषण कार्यक्रममा के, कति समेटिएको छ वा छैन विश्लेषण गरी समेटिएका छैनन वा न्युन रुपमा समेटिएको छ भने सोही अनुसार उपयुक्त हुने गरि कार्ययोजना निर्माण भएपछि मात्र खर्च लेख्नुपर्दछ।

५५ **कृषि स्नातक प्राविधिक:**

स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०८१ को दफा १०(२) मा कृषि स्नातक प्राविधिकले स्वीकृत वार्षिक कार्ययोजनाअनुसार मासिक कामको प्रगति विवरण अनुसुची ६ बमोजिमको ढाँचामा प्रत्येक महिनाको २ गते आफ्नो सुपरीवेक्षकलाई पेश गर्नुपर्नेछ। पालिकाले गो.भौ.नं.।मिति ३२।०८१।६।१९ लगायतका अन्य भौचरहरुबाट कृषि स्नातक प्राविधिकको तलबभत्ता भुक्तानी गरेकोमा स्वीकृत वार्षिक कार्ययोजना अनुरुप मासिक कामको प्रगति विवरण पेश गरेको देखिएन। पालिकाले कार्यविधिबमोजिम मासिक कामको प्रगति विवरण लिनुपर्दछ।

५६ **कृषकहरुको विवरण:**

नेपाल सरकारद्धारा स्वीकृत प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपंक्षी तथा मतस्य विकास कार्यक्रम संचालन कार्यविधि,२०८१ को दफा ६ मा स्थानीय तहले पशुपन्छी तथा मतस्य विकास सम्बन्धी सशर्त कार्यक्रम संचालनका लागि पशुपन्छी तथा मतस्य क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशुसेवा शाखाका प्राविधिक संलग्न रहने गरी कार्यक्रम कार्यान्वियन कार्यदल गठन गर्ने र कार्यदलले प्रोत्साहन अनुदान तथा व्यवसाय बिस्तार अनुदान प्राप्त गर्ने मापदण्ड र प्राप्त गर्ने कृषकहरुको नामावली एफ.एम. रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्थाहरु रहेको छ। पालिकाले यस वर्ष नया बाख्रा पकेट विकास कार्यक्रममा ४४ जनालाई अनुदान प्रदान गरेकोमा सो अनुदानग्राहीहरुको नामावली एफ.एम. रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशन गरेको नदेखिएकोले सो कृषकहरुले संघीय तथा प्रादेशिक तहबाट संचालन हुने अनुदान कार्यक्रमहरुबाट दोहोरो अनुदान पाउने सम्भावना समेत देखिन्छ। तसर्थ पालिकाले कार्यविधिबमोजिम अनुदान प्राप्त गर्ने कृषकहरुको नाम सार्वजनिकीकरण गर्नुपर्दछ।

५७ **पशुपंक्षी बीमा:**

नेपाल सरकारद्धारा स्वीकृत प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपंक्षी तथा मतस्य विकास कार्यक्रम संचालन कार्यविधि,२०८१ को दफा १४मा यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुले पशुपंक्षी तथा मतस्य र भौतिक पूर्वाधारहरुको बीमा गर्नुपर्ने व्यवस्था छ। साथै, नेपाल सरकारको बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि,२०८१ मा पचास लाख रुपैयासम्मको बाली तथा पशुपंक्षीको बीमा प्रिमियममा असी प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले आ.व.२०८१।८२ मा सशर्त वित्तीय हस्तान्तरण कार्यक्रम अन्तरगत पचास प्रतिशत साझेदारीमा नया बाख्रा पकेट विकास कार्यक्रममार्फत ४४ जना कृषकहरुलाई अनुदान प्रदान गरेकोमा कृषकहरुले बाख्रा तथा गोठहरुको बीमा गरेको देखिएन। पालिकाले अनुदान कार्यक्रममा सहभागी कृषकहरु लगायत अन्य कृषकहरुसमेतलाई पशुपंक्षी बीमा गराउन पहल गर्नुपर्दछ।

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण कार्य लगायतका ११ वटा योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई रोजगारी उपलव्ध गराई रु. ४५४५२१५ खर्च गरेको छ । लक्षित वर्गलाई ४८ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

५९ **मुअकर समायोजन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च लेख्दा विल भरपाई सहित श्रेष्ता राख्नुपर्ने व्यवस्था । कार्यालयले निम्नबमोजिम भौचरबाट विभिन्न समाग्रि खरिद गरेको फोटोकपि संलग्न राखेको पाइएकोले उक्त विजकको मु अ कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु

गो भौ नं मिति	पार्टिको नाम	विवरण	रकम	मुअकर
२९७-०८२।२।९	नवल अटो पाट्स	सवारी साधन मर्मत	४७४६०	६१६९
४६१-०३।२५	बोहोरा इलेक्ट्रोनिक्स सप्लायर्स	डिभाइस खरिद	१०५०००	१३६५०
४६२-०३।२५	गड्तौला कम्प्यटर सप्लायर्स	विभिन्न	८४७००	११०११
४६२-०३।२५	आर जे ट्रेडर्स एण्ड सप्लायर्स	विभिन्न	८४७५०	११०१७
२०-०३।२५	उग्रतारा ट्रेड सप्लायर्स	ल्यापटप खरिद	८८४००	११४९२
जम्मा				५३३३९

प्रमाण पेश नगरेको	५३,३३९

६० पान विल

मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ५६ बमोजिम सरकारी निकाय वा स्थानिय तहले नेपालभित्र एक पटकमम रु विस हजार भन्दा बढीको खरिद गर्दा भ्याटमा दर्तावाला बाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नबमोजिम भौचरबाट एकै पटक र एकै मितिमा रु २० हजार भन्दा खरिद पान विल संलग्न गरेको पाइएकोले १५ प्रतिशत मात्र कट्टि गरि भुक्तानी दिनुपर्नेमा १.५ प्रतिशत मात्र कट्टि गरि भुक्तानी भएको पाइएकोले कम कट्टि वापतको रकम असुल गर्नुपर्ने रु

गो भौ नं मिति	**पार्टिको नाम**	**विवरण**	**विल रकम**	**१३.५ प्रतिशतले हुने रकम**	**कैफियत**
२१०-०८१। ११।२२	कृष्ण सिह बोहोरा	खाजा खाना वापतको	५५५००	७४९२	
२६१-०८२।१। १५	बेतालेश्वर होटल एण्ड नास्ता पसल	खाजा खाना वापत्	१८००००	२४३००	एउटै पान विलबाट कारोबार भएको
२४८-०८१। १२।१९	बसन्ती खाजा एण्ड नास्त पसल	विविध खर्च	२६०४००	३५१५४	एउटै पान विलबाट कारोबार भएको एकैदिनको मितिमा
२९५-०८२।१। २६	लटिनाथ खुद्रा पसल	विविध खर्च	२५३४५०	३४२१५	
४-०८२।२।२३	अनुप होटल एण्ड लज	विविध खर्च	२५६८००	३४६६८	राष्ट्रपति रनिङ्ग शिल्ड कार्याक्रम
जम्मा रकम				१35829	

असुल गर्नुपर्ने	१,३५,८२९

६१ यातायात सुविधा

स्थानिय तहका पदाधिकारी तथा सेवासुविधा सम्बन्धी बनेको ऐन २०७५ को अनुसुचि १ क क्रमश १३ मा पालिकाले सवारी साधन उपलब्ध गराउन नसकेमा मासिक रु १०००० को र उपाध्यक्षलाई मासिक रु ९०००को दरले यातायात खर्च दिन सक्ने व्यवस्था छ । पालिकाले गाँउपालिका अध्यक्ष र उपाध्यक्षलाई सवारी साधन उपलब्ध गराएकोमा थप मासिक सुविधा पनि भुक्तानी अध्यक्षलाई रु १२०००० वार्षिक र उपाध्यक्षलाई रु १०८००० गरी जम्मा रु २२८००० भुक्तानी गरेको देखिएकोले यसरी दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	२,२८,०००

६२ फरक शीर्षक

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवली २०७७ को नियम ४१ बमोजिम स्कीकृत बजेट र शिर्षकमा खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले निम्नबमोजिमको भौचरबाट स्वीकृत शिर्षक भन्दा फरक विल भरपाई खर्च लेखाङ्कन गरेको पाइएकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको र

गो भौ नं मिति	खर्च गर्नुपर्ने शिर्षक	खर्च लेखाङ्कन गरेको	रकम	कैफियत
३३३-०८२।०३।०९	पारिश्रमिक कर्मचारी	पदाधिकारी सेवा सुविधा	२०४२००	
जम्मा रु			२०४२००	

अनियमित भएको	२,०४,२००

६३ **इएफटि**

नेपाल सरकारले सामाजिक सुरक्षा लाभाग्राहीको बैक खातामा निकासा दिनेगरी कायिविधि तयार गरी पालिकाबाट सिफारिस भए अनुसार EFT गरी लाभाग्राहीको बैंक खातामा निकासा दिने सक्ने व्यवस्था छ।पालिकाले गो भौ नं मिति ३५९-०३।१५ टुहुरा अनाथ वालबालिकालाई रु १५६०००० खर्च लेखेकोमा बैङ्क मार्फत कारोबार इएफटि नगरि भरपाई आधारमा बुझाएको देखिएकोले इएफटिबाट खर्च लेखाङ्कन गरि खर्च रकमलाई विश्वसनिय र पारदर्शि बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

६४ **पशु सेवा औषधि दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ९५ बमोजिम जिन्सी दाखिला गर्दा स्पेशिफिकेशन मुल्य र अनुमानित आयु खुलाई जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पशुसेवालागि कार्यालयले यस वर्ष रु ५१३००० को औषधि खरिद गरेकोमा अनुमानित आयु नखुलाई जिन्सी दाखिला गरेको पाइयो । तसर्थ आगामि दिनमा अनुमानित आयु खुलाई औषधि दाखिला गर्नुपर्ने देखिन्छ ।

६५ **थप अनुदान**

लेकम गाँउपालिकाको कृषि तथा पशुपन्छी सम्बन्धी कार्यविधिमा २०८१ कुनै पनि व्यक्ति फर्म वा समुहलाई थप अनुदान दिन सकिने व्यवस्था उल्लेख गरेको पाइदैन । कार्यालयले गो भौ नं २१-०३।२९ बाट तमैराज कुखुरापालन फर्म र मालिकार्जुन पोल्ट्रि फर्मलाई रु २०००० को दरले रु ४०००० थप अनुदान दिएको पाइयो । यसरी निर्देशिकामा उल्लेखित नभएको व्यवस्था विपरित थप अनुदान भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु

अनियमित भएको	४०,०००

६६ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्दा रित पुगे वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले गो भौ नं ०९-०८१।६।१८ बाट उपाध्यक्ष सचिवालय सहयोगि पुष्पराज जोशिलाई २०८१।५।२० गते राजिनमा दिएकोमा भाद्र महिनाको तलब भुक्तान गर्दा रु १२००० (मासिक रु १८०००) भुक्तानी गर्नुपर्नेमा पुरै महिनाको तलब भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको रकम रु ६००० असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	६,०००

६७ **फिल्ड रकम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा रित पुगे वा नपुगेको चेकजाँच गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै स्थानिय तहहरुबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गत क्रियाकलाप संचालन सम्बन्धि मार्गदर्शन २०८१।८२ मा स्वास्थ्यकर्मिलाई फिल्ड भत्ता उपलब्ध गराउने सम्बन्धमा उल्लेख गरेको

पाइदैन ।साथै पालिकाले गाँउपालिका चालु तर्फबाट ३ जना कार्यविधि नबनाइ स्वास्थ्थकर्मिहरुलाई मासिक रु २२५० को दरले रु ८१००० फिल्ड भत्ता वापत् भुक्तानी गरेको देखिएकोले उक्त रकम नियमसम्मत नदेखिएको रु

अनियमित भएको	८१,०००

६८ **वितरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च लेख्दा विल भरपाई सहित श्रेष्ता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नबमोजिम भौचरबाट समाग्रि खरिद गरेकोमा उक्त समान वितरणको भरपाई संलग्न नदेखिएकोले वितरणको भरपाई पेश हुनुपर्ने रु

गो भौ नं मिति	पार्टिको नाम	विवरण	रकम
४२०-०३।२४	दिपशिका स्टेशनरी अर्डर सप्लायर्स	२२ थान क्रिकेट जर्सी खरिद	४४०००
जम्मा रु			४४०००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१४३,८४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **६७,६३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	४४,०००

६९ **अस्थायी करार**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१३२,९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७० **अतिथि सत्कार**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७१ **सवारी साधान मर्मत**

स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता प्रभावकारी मितव्यीतता कार्यदक्षता र औचित्यका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा २ सवारीसाधन ...... यति रहेकोमा कार्यालयले यस वर्ष सवारी साधन र मोटरसाइकल मर्मतमा रु१०६२९०९ खर्च गरेको पाइयो। साथै सावरीमर्मत पश्चात समान फिर्ता सोको अभिलेख नराखेको र पम्सबाट मर्मत आदेश राखेको देखिएन । तसर्थ कार्यालयले आवश्यकता, औचित्य र मितव्यीताका आधारमा खर्च गरी खर्चलाई विश्वासनिय बनाउनुपर्ने देखिन्छ ।

७२ **स्थानीय विषय/मातृभाषाको निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम:**

सुदुरपश्चिम प्रदेश आथिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३८(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई, तथा अन्य कागजातहरु संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं.।मिति २५८।०८२।३।२५ मार्फत सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि स्थानीय विषय/मातृभाषाको निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम अन्तरगत चौलानी कलर प्रेस प्रा.लि. (६१०३३३४००) को बिल नं.।मिति १४८।२०८२।३।१७ मार्फत स्थानीय विषय पुस्तक हाम्रो लेकम कक्षा १ देखि ८ सम्मका कुल २१७४ प्रति पुस्तक खरिद गरी रु.५२७७५१ खर्च लेखेको देखियो। पालिकाले खरिद गरेको मातृभाषा पुस्तकहरु विद्यालयहरुले माग फारम, ह.फा. तथा विद्यार्थीहरुले बुझेको भरपाई पेश भएको नदेखिएकोले सो को प्रमाणहरु पेश हुनुपर्ने रु.५२७७५१

प्रमाण पेश नगरेको	५,२७,७५१

७३ **विद्यालयगत निकासा खाताः**

विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

७४ **विज्ञापन प्रकाशनमा छुटः**

पालिकाले गो.भौ.नं।मिति ६२।०८२।३।२५ मार्फत एपिआई विज्ञापन एजेन्सीको बिल नं.५४।०८२।२।२१ मार्फत सूचना प्रकाशनबापतको रकम रु.१८२००० मा १५ प्रतिशत रु.२७३०० छुट लिई मूल्य अभिवृद्धि करसहित रु.१७४८११ भुक्तानी गरेको देखियो। पालिकाले थप छुट लिएर विज्ञापन प्रकाशन गर्नुपर्दछ।

७५ **प्रविधि हस्तान्तरणको साझेदारी रकमः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७६ **का्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावलि २०७७ नियम ३९(५) सरकारी रकम खर्च लेख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नम्बर ०५-०८१।८२ टकना खर्ककडा रोड मर्मतका लागि अयर कन्स्ट्रक्शनसंग सम्झौता गरेकोमा कार्यसम्पादन जमानत वापत राखेको रु ४४३५००(२०२६अगस्ट ३० सम्मको) सक्कल नराखी फोटोकपि राखेको पाइएकोले सक्कल प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	४,४३,५००

७७ **थप कार्यसम्पादन जमानत**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१२,३१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७८ **सम्पत्ति संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ९५ बमोजिम कुनैपनि मालसामान प्राप्त भएको ७ दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गो भौ नं २८३-०३।१६ बाट उमरागाढ खानेपानी तथा सरसफाई उपभोक्ता समिति ७५ किलोवटको इन्भटर कन्ट्रोलर रु ११९५००को उपलब्ध गराएकोमा जिन्सि दाखिला गरेको नभएकोमा पालिकाले उपभोक्ता समितिले सिधै खरिद गरेकोले जिन्सी दाखिला नगरिएको कार्यालय जनाएको छ । तसर्थ आगमि दिनमा यस्तो प्रकृतिको खरिदमा कार्यालयले र समिति दुवै जिन्सी दाखिला गरी सरकारी सम्पत्तिको संरक्षण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७९ अन्य संस्थाद्धारा कार्यक्रम संचालन

सार्वजनिक खरिद नियमवली २०६४ को नियम ११ मा परामर्श सेवाको लागत अनुमान बनाउदा लिनुपर्ने आधारहरुको व्यवस्था गरेको छ । साथै सार्वजनिक निकायले आफ्नो जनशक्तिले गर्न नसक्ने भएमा मात्र परामर्श सेवा लिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नबमोजिमको परामर्श सेवामा लागत अनुमानको आधार तय नगरी परामर्श सेवा खरिद गरेको पाइयो । तसर्थ कार्यालयले आगामि दिनमा यस तर्फ सुधार गर्नुपर्ने देखिन्छ ।

गो भौ नं मिति	परामर्शदाता	विवरण	खर्च रकम	कैफियत
४०८-०८२।३।१८	गतिशिल नेपाल व्यक्तित्व विकास प्रा लि	लेकमको साँस्कृतिक धार्मिक पर्यटन प्रवर्द्धनका लागि बृत्त चित्र निर्माण	४९९८४९	निजले प्रयोग गरेका विज्ञहरु र योग्यता अनुभव सम्बन्धी कुनै कागजात संलग्न नदेखिएको
४४१-०३।२५	रेडियो लोकदर्पण एफएम	सुचना प्रसारण	८०००००	आधार तय नगरी वार्षिक सम्झौता गरी भुक्तानी गरेको
४५६-०३।२५	उपासना मिडिया प्रा लि	नमुना युवा संसद अभ्यास प्राणलि	२९९८०१	निजले प्रयोग गरेका विज्ञहरु र योग्यता, अनुभव सम्बन्धी कुनै कागजात र तालिम प्रदाय संस्था भए नभएको एकिन गर्न नसकिएको
३११-०८२।२।२३	हुनैनाथ कन्सल्टिङ्ग प्रा ली	जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम	३७२९८०	निजले प्रयोग गरेका विज्ञहरु र योग्यता, अनुभव सम्बन्धी कुनै कागजात र तालिम प्रदाय संस्था भए नभएको एकिन गर्न नसकिएको
४६-०७।२८	रेडियो लोकदर्पण एफएम	सार्वजनिक सुनुवाई कार्यक्रम	४७६०००	

८० झोला वितरण

स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता प्रभावकारी मितव्यीतता कार्यदक्षता र औचित्यका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।साथै लेकम गाँउपालिका कार्यसंचालन निर्देशिका २०८१ मा कार्यक्रम संचालनमा झोला वितरण गर्न सकिने कुनै व्यवस्था गरेको पाइदैन । नमुना छनौटका आधारमा गरिएको लेखापरीक्षणमा कार्यालय निम्नबमोजिमका कार्यक्रममा झोला खरिद गरी कर्मचारी र पदाधिकारीलाई वितरण गरेको पाइयो। तसर्थ आगमि दिनमा यस्तो खरिद कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

गो भौ नं मिति	कार्यक्रमको नाम	झोला खरिद र रकम	जम्मा रकम
३०५-०८२।३।१८	एमआइस सम्बन्धी अधिमुखिकरण कार्यक्रम	२० थान झोला रु २५५० को दरले	५१०००
४५५-०३।२५	भुमि व्यवस्थापन शाखा	१२ थान झोला रु ४००० को दरले	४८०००
२१-०८२।२।२५	न्यायीक समिति	४० थान रु २२००	८८०००
१३-०८२।३।११	महिला संचालक पदाधिकारी अभिमुखिकरण कार्यक्रम	३५ थान रु १३२७	४६४६०
४२९-०८२।३।२४	गाँउ सभाको लागि सदस्य र पदाधिकारी झोला खरिद(प्रत्येकवर्ष खरिद गर्ने गरेको)	३७ व्याग रु ३५०० को दरले ८० व्याग रु ४१०० को दरले	४५७०००
जम्मा रु			६९०४६०

८१ **राष्ट्रपति रनिङ्ग शिल्ड**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यवक्ता र औचित्यता समेतको आधारमा खर्च गर्रनुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्थना समेत उल्लेख गरेको छ।पालिकाले यस वर्ष विभिन्न खेलकुद कार्यक्रमको सञ्चालन तथा सहभागिता जनाएर रु.१२६६००० हजार खर्च गरेको छ। खेलकुद कार्यक्रममा खर्च भएको रकममा सामग्री खरिद, खाजा खाना लगायतका खर्चना नियन्त्रण गर्न सकिनेमा उस काम गरेको देखिएन। कार्यक्रममा खरिद गरिएको विभिन्न खेलकुद सामाग्रीहरुको जिन्सी दाखिला र वितरणको भरपाई नभएको तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन। वडास्तरमा समेत सोहि प्रकृतिका खेलकुद कार्यक्रमहरु सञ्चालन भएकोमा खेलकुद सामाग्रीको खरिदमा मितव्ययितता र पुन प्रयोगको लागि व्यवस्थापन गरेको छैन। पालिकाको आन्तरिक आय ३१ लाख ४ हजार मात्र रहेकोमा खेलकुद कार्यक्रनना मात्र आन्तरिक आयको ४०.७७ प्रतिशत खर्च गरेको छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली मार्फत खर्चना मितव्ययितता कायम गरी यस प्रकार कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ। नमुना छनौटको आधारमा गरिएको लेखापरीक्षणमा पालिकाले यसवर्ष राष्ट्रपति रनिङ्ग शिल्डमा गरेको खर्च यस प्रकार छ ।

गो भौ नं मिति	विवरण	रकम
३०९-०२।२० र ०४।२०८२।२।२३	विभिन्न समाग्रि खरिद	११६८००
	औषधि खरिद	१८७५०
	सवारीसाधन भाडा	१८३०००
	जर्सी ट्याक खरिद	१७८६५३
	विविध खर्च (खाजा खाना)	८२२४००
जम्मा खर्च		१२६६०००

८२ **अनाथ वालबालिका**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

८३ **अनुगमन भत्ता**

स्थानिय तहका पदाधिकारी तथा सेवासुविधा सम्बन्धी बनेको ऐन २०७५ बमोजिम पदाधिकारीहरुलाइ अनुगमन भत्ता दिने सम्बन्धमा व्यवस्था उल्लेख गरेको पाइदैन।नमुना छनौट विधिका आधारमा कार्यालयले निम्नबमोजिम भौचरबाट विभिन्न कार्यक्रमको अनुगमन भनि पदाधिकारी तथा कर्मचारीले भत्ता लिने गरेको पाइयो। पालिकाले यस तर्फ कार्यविधि तयार नगरी खर्च लेखाङ्कन गरेको देखिएकोले उक्त रकम नियमसम्मत नदेखिएको रु

गो भौ नं मिति	कार्यक्रम	विवरण	रकम	कैफियत
२२९-०८१।१२।१४	अध्यक्ष खेलकुद कार्यक्रम अनुगमन	४१ जनाको रु १००० दरले	४१०००	
५-०८२।२।२७	परीक्षा अनुगमन	१४ जनाको जम्मा ५८ दिनको	५८०००	
९-०३।१२।	विभिन्न समयमा अनुगमन तथा सुपरिवेक्षण	९ जनाको जम्मा १७२ दिनको र २ जनाको जम्मा ३० दिनको	२०२०००	
२१२-०८२।१२।१७	विभिन्न समयमा अनुगमन तथा सुपरिवेक्षण	१६ जनाको कर्मचारीको	७५०४००	प्राविधिक भत्ता भनि भुक्तानी गरेको प्राविधिक बाहेका कर्मचारीलाई विभिन्न दरमा उपलब्ध गराएको
१९-०८२।३।१८	रेविज खोप अनुगमन	११जना कर्मचारी जनप्रतिनिधि	६८०००	निजहरुको अनुगमन प्रतिवेदन संलग्न नदेखिएको
	जम्मा		१११९४००	

अनियमित भएको	११,१९,४००

८४ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को ३९(१०) सरकारी रकम खर्च लेख्दा रित पुगे वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले कृषितर्फको भौचर नम्बर ०२।०८२।३।२१ बाट कृषक धनश्याम जोशीले corned trailer रु ४५००० खरिद गरेकोमा पालिकाले ५० प्रतिशत अनुदान वापत रु २२५०० भुक्तानी गर्नुपर्नेमा रु २८००० भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम रु ५५०० असुल गरि दाखिला गर्नुपर्ने

असुल गर्नुपर्ने	५,५००

८५ विपद् व्यवस्थापन

८५.१ समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

८५.२ कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०८१ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

८५.३ **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाको विपद् व्यवस्थापन कोषमा गत वर्षको मौज्दात रु. ०० यस वर्षको आम्दानी रू. ११००००० समेत रू..११००००० भई शुन्य खर्च गरी बाँकी रु.११००००० भएको छ।

८५.४ वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

८६ **नमुना मा वि**

लाटिनाथ नमुना मा वि को ८ कोठे विल्डिङ्ग निर्माणको सम्झौता रकम रु १६८००५५० मा मिति २०८०।११।२३ मा र मिति २०८१।३।१५ मा सम्पन्न गर्ने गरी विद्यालयसंग भएको सम्झौता देखिएका व्यहोरा निम्नबमोजिम छन ।

८६.१ **डण्डीको प्रयोग** खरिद नियमावलि २०६४ को नियम १(ख) प्राविधिक नापजाँच गरी नापि किताबमा उल्लेख भएको वास्तविध कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले लागत अनुमान र दर विश्लेषकै बखत डण्डिको काममा ५ प्रतिशत वेस्टेज भनि तयार गरकोमा निकासा दिने क्रममा ४६५४८ को ५ प्रतिशत वेस्टेज २३४७ समेत जोडि ४८८७६ केजीको निकासा दिएको देखिएकोले २३४७ के जि विओक्यु दर रु १०५ ले जम्मा रु २४६४३५ फिर्ता गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२,४६,४३५

८६.२ **बढी निकासा** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। साथै स्टाण्डर्ड विड डकुमेण्टको जिसिसिको ४५.१ अनुसार विओक्यूमा रहेको कुनै आइटमको परिमाण २५ प्रतिशत भन्दा बढी र शुरु लागत अंकको २ प्रतिशत भन्दा बढी बढेमा उक्त आइटमको लागि सहमतीको आधारमा रकम निर्धारण हुने उल्लेख छ ।विद्यालयले supplying and laying centering of various formwork witf 19 mm patern water proof ply wood कार्य लागत अनुमान ३९३.०८ ब मि परिमाणको वि ओक्यु दर रु ४०० रहेकोमा भेरियशन र रेट नेगोशेशन नगरी ११७४ ब मी परिमाणको विओक्यु भन्दा बढी रु ४०० को दरले निकासा गरेको पाइयो । यसरी भुक्तानी भएको निकासा रकम संचित कोष फिर्ता हुनुपर्ने रु

असुल गर्नुपर्ने	४,६९,६००

८६.३ **भेरियशन र रेटनेगोशेन** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। साथै स्टाण्डर्ड विड डकुमेण्टको जिसिसिको ४५.१ अनुसार विओक्यूमा रहेको कुनै आइटमको परिमाण २५ प्रतिशत भन्दा बढी र शुरु लागत अंकको २ प्रतिशत भन्दा बढी बढेमा उक्त आइटमको लागि सहमतीको आधारमा रकम निर्धारण हुने उल्लेख छ ।विद्यालयले supplying and laying centering of various formwork witf 19 mm patern water proof ply wood sकार्य लागत अनुमान ३९३.०८ ब मि परिमाणको वि ओक्यु दर रु ४०० रहेकोमा भेरियशन र रेट नेगोशेशन नगरी ११७४ ब मी परिमाणको रु ८०० को दरले बढी दर रु ४०० मा निकासा गरेको पाइयो ।यसरी निकासा दिएको रकम नियमसम्मत नदेखिएको रु

अनियमित भएको	४,६९,६००

८७ **भेरियशन आदेश**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। साथै स्टाण्डर्ड विड डकुमेण्टको जिसिसिको ४५.१ अनुसार विओक्यूमा रहेको कुनै आइटमको परिमाण २५ प्रतिशत भन्दा बढी र शुरु लागत अंकको २ प्रतिशत भन्दा बढी बढेमा उक्त आइटमको लागि सहमतीको आधारमा रकम निर्धारण हुने उल्लेख छ । कार्यालयले ठेक्का नम्बर ०५-०८१।८२ बाट टकना खर्ककडा रोड मिति २०८२।२।१५ सम्पन्न गर्ने गरी रु ८७६०८८१ सम्झौता भएकोमा आइटम Providing and placing machine mixed(१:१.५:३) cement concret for drain rcc slab को आइटम लागत अनुसारकको परिमाण १३०.५० घ मि को रु १४००० विओक्यु रहेकोमा परिमाण २५ प्रतिशत भन्दा बढी वृद्धि भइ १८०.५६ पुगेको र लागत रकम २ प्रतिशत भन्दा बढीले बृद्धिभएकोमा यसरी बढेको परिमाणको १७.४३ घ मिको रेट नेगोशेशन र भेरियशन आदेश जारी नै नगरी भुक्तानी भएकोले उक्त नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२,४४,०९०

८८ **मसलन्नद तथा कार्यालय सामग्रि**

सार्वजिनक खरिद नियमावलि २०६४ को नियम ८५ बमोजिम ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (४) को अधीनमा रही लागत अनुमान तयार गरी सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष रु ४४४८०६१ मसलन्नद तथा कार्यालय समाग्री खरिद गरेको बोलपत्रको माध्यमबाट नभई प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद कार्य गरेको पाइयो । तसर्थ पालिकाले आगामि दिनमा वार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धा सिमित नहुने गरि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने देखिन्छ ।

८९ **एज विल्ड ड्रइङ्ग**

सम्झौताको जिसिसिको ७१.२ मा कार्य सम्पन्न पश्चात ६० दिन भित्र एज विल्ट ड्रइङ्ग पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ठेक्का नम्बर LKM०१-०८१।८२ बाट चौपाट पिड गोगना सडक स्तरोन्नतिका लागि निर्माण व्यवासयी संग सम्झौता गरेको एज विल्ट ड्रइङ्ग वापत् रु ५०००० राखेकोमा एज विल्ट ड्रइङ्ग पेश भएको नदेखिएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

प्रमाण पेश नगरेको	५०,०००

९० **दलित शौचालय निर्माण**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१०४,९६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९१ **एम्बुलेन्स आम्दानि**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ बमोजिम पालिकाले आफ्नो कार्यक्षेत्र र अधिकार भित्र रहि राजश्व संकलन गर्न सक्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार एम्बुलेन्स संङ्ख्या एक रहेकोमा कुनै पनि आम्दानि नभएको जनाएको छ । साथै आम्दानि र खर्च खुल्ने स्पष्ट अभिलेख नराखेकोले आम्दानी र खर्च बारेमा एकिन गर्न सकिएन । तसर्थ पालिकाले न्युनत्तम शुल्क निर्धारण गरी आम्दानि र खर्चलाई पार्दशी र विश्वसनिय वनाउनुपर्ने देखिन्छ ।

९२ **पालिका जेसिभि ईन्धन**

पालिकाको बार्षिक स्विकृत योजना बमोजिम पालिकाको जे.सि वि प्रयोग गरी विभिन्न सडकहरुको स्तरउनोन्नती तथा नया ट्र्याक खोल्ने कार्यका लागी यस बर्ष विभिन्न ईन्धन खरिद गरी रु .२६०८९७८।– खर्च गरेको छ । तर कार्यालयले यस्तो ईन्धन प्रयोग गरी

निर्माण तथा मर्मत भएको सडकको नापजाँच नगरी लगबुकका आधारमा ईन्धन खर्च लेखेको छ । पालिकावाट आफ्नै जे.सि.विवाट मर्मत कार्यको नापजाँच सहितको अभिलेख राख्नु पर्दछ ।

क्र.स.	मिति	गो भौ न	विवरण	भुक्तानी पाउने	भुक्तानी रकम
१	०९/०३/२०८१	८	इन्धन स्काइभेटर	बालिचन आयल	१०३५४६
२	०९/०४/२०८१	९	इन्धनस्काइभेटर	बालिचन आयल	५९२२४१
३	०९/१९/२०८१	१४	इन्धनस्काइभेटर	बालिचन आयल	१६६८४
४	१०/२०/२०८१	१७	इन्धनस्काइभेटर	बालिचन आयल	१२३९११
५	१०/२८/२०८१	१८	इन्धनस्काइभेटर	बालिचन आयल	३५७५१२
६	१२/१९/२०८१	६१	इन्धनस्काइभेटर	बालिचन आयल	७५२१४
७	०१/१२/२०८२	७१	इन्धनस्काइभेटर	बालिचन आयल	४३८८६७
८	०३/२५/२०८२	२५९	इन्धनस्काइभेटर	बालिचन आयल	१३७४६७
९	०९/०४/२०८१	९	इन्धनस्काइभेटर	बालिचन आयल	६०००००
१०	०९/०५/२०८१	११	इन्धनस्काइभेटर	बालिचन आयल	९४५००
११	०९/०५/२०८१	१२	इन्धनस्काइभेटर	बालिचन आयल	६९०३६
				जम्मा	२६०८९७८

९३ **कोटेशनवाट निर्माण**

९३.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५(१)मा रु.१० लाखसम्मको निर्माण कार्य सोझै गर्न सकिने,नियम ८४मा रु.१० लाखभन्दा माथि सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै नियम ८५(१ख)मा सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटा आपूर्तिकर्तासंग सीमाभन्दा बढीको सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले रु.४८१२६४० लागत अनुमान भएका निम्न निर्माण कार्य गर्दा लागत अनुमानकोतुलानमा ९९.००९ प्रतिशतले हुने रु ४७६४९८७।- मा सम्झौता गरी प्रतिस्पर्धात्मक विधि नपनाइ निर्माण कार्य गराई भुक्तानी दिएको छ । निर्माण कार्य प्रतिस्पर्धि बनाउनु पर्दछ ।

गो भौ न	शिर्षक	कार्य	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता	भुक्तानी रकम
२४।८२।३।१९	विविध खर्च खाता	एरिछिना सडक मर्मत	कैपाल निर्माण सेवा	९७२५७१	८५५४९९	७९७५७६
२५।८२।१३।१९	विध खर्च खाता	एरिछिनासडक ग्याविनको कार्य	हुनैनाथ रानीबंशि निर्माण सेवा	९९८९५३	९९५७७४	९७६८७१
२४६।८२।३।२३	गा.पा.पुजिगत	प्रशासकिय भवन पार्टिसन	उमाईफ्रा प्रा.ली	९३६८६५	९३५७००	७५७९८
२४८।८२।३।२३	गा.पा.पुजिगत	प्रशासकिय भवन सिशाको झ्याल	उमाईफ्रा प्रा.ली	९९०९०१	९८९५९२	९९७१०२
२४७।८२।३।२३	गा.पा.पुजिगत	प्रशासकिय भवनमा पानी आपुर्ति प्रणाली	बारुण निर्माण सेवा	९१३३५०	९८८४२२	८३५८२८
				४८१२६४०	**४७६४९८७**	**३६८३१७५**

९३.२ (..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७,५१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९४ **एडिवाग दुध संकलन केन्द्र निर्माण**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **४७,०९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९५ **प्राबिधिक नाँपजाँच**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९६ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले यो वर्ष निम्न २ डि.पि.आर. अध्ययन कार्यमा रु. १३७५००० खर्च गरेको छ। यसरी अध्ययन कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस बर्ष प्राप्त भएको सडक निर्माण कार्यको प्रतिवेदन कार्यान्वयनमा गएको छैन ।

भौ न	कार्यक्रमको नाम	लागत अनुमान	खर्च रकम	आयोजना लागत	परामर्श दाताको नाम
२६४।८२।३।२५	४ सडकको डि.पी.आर	१०००४६	९७५३२५	२४३५६०००	डानामिक भिजन डिजाईन क.
२६२।८२।३।२५	भु-वर्गिकरण योजना	५०००००	४९४९४०	-	धामी ईन्जनियरिङ्ग

९७ कर बिजक

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१०५,९६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९८ न्यायिक समिति तालिम

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२७,६९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९९ बजेट तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था छ ।पालिकाले बजेट तर्जुमा गर्दा निश्चित समुह व्यवसायी फर्मको नाम तोकि कार्यक्रम स्विकृत गरी सोहि बमोजिम योजना संचालन र भुक्तानी गरेको पाईयो ।निश्चित फर्म समुहनै तोकि बजेट कार्यक्रम स्विकृत गरी अनुदान दिने कार्यले पालिकाको तर्फवाट अनुदान दिनु पर्ने फर्म समुह अनुदानमा दोहोरोपना हुन सक्ने हुदा फर्म समुहको नाम तोकि बजेट तर्जुमा गर्नु उचित देखिएन ।यस सम्बन्धि केही उदाहारण निम्न अनुसार रहेका छन् ।

गो भौ न	स्विकृत कार्यक्रमको नाम	पाउने	अनुदान रकम	अनुदान प्रतिशत
१३।८१।९।१८	खत्रि आटामिल अनुदान कार्यक्रम	खत्रि आटामिल उद्योग	२००००	१००
२०।८१।११।८	रमेश टेलर्स सहयोग कार्यक्रम	रमेश ट्रेलर्स	१०००००	१००

पालिकावाट यस्तो अनुदान उपलब्ध गराउदा स्थानीय जनतालाई दिनु पर्ने छुट सहुलियत तथा न्यूनतम अवधि ब्यवसाय संचालन गर्नु पर्ने शर्त लगायतको व्यवस्था गरेको पाईएन ।नीजि फर्म संस्थाको नाममा बजेट विनियोजन गर्ने र यस्ता संस्था वाट स्थानीयबासीले सेवा प्राप्तिमा सहुलियत नपाउने गरी सम्झौता गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

१०० खानेपानी मिटर खरिद

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था छ । पालिकाले संघिय सरकारद्वारा संचालित कृणि कुश्माण्डा खानेपानी आयोजनाका लाभग्राहीहरुका लागी धारा र मिटर जडान गर्ने प्रयोजनका लागी बजेट बिनियोजन गरी न्यूबालिचन ट्रेडस बाट रु २८९४९३२ मुल्यका ७९५ मिटर तथा सो जडान गर्न लाग्ने फिटिङ्ग सामाग्री खरिद गरेको पाईयो ।यस सम्बन्धमा देखिएका अन्य ब्यहोरा निम्नाअनुसार रहेका छन् ।

१. पालिकाले उक्त योजनामा बजेट बिनियोजन गर्न संघिय सरकार खानेपानी कार्यालयसँग आवस्यक समन्वय गरी दोहोरोपना नहुने सुनिश्चितता गरेको पाईएन ।

२. पालिकाले खानेपानी मिटर खरिद गर्न नसक्ने विपन्न् घरपरिवार छनौट गरी संघियसरकारको कार्यक्रम सँग दोहोरो नहुने गरी योजना तर्जुमा गर्नु पर्नेमा सो नगरी सबैलाई बितरण गर्ने गरी खरिद गरेको पाईयो । आर्थिक रुपमा मिटर खरिद गर्न सक्षम ब्यक्तिलाई समेत मिटर खरिद गरी वितरण गर्न बजेट बिनियोजन गर्ने तथा खरिद गरने कार्यले पालिकाको भौत्तिक विकासमा खर्च गर्नु पर्ने स्रोतवाट वितरणमुखि कार्यक्रम संचालन गरेकोले स्रोतको उचित प्राथमिकिकरण गरेको पाईएन ।

3 .पालिकाले उक्त खरिद कार्य अगाडी आवस्यक्ता पहिचान गरी लाभग्राहीको तथ्याङ्क संकलन गरी खरिद गर्नु पर्नेमा बजेट बिनियोजनका आधारमा ठेक्का ब्यवस्थापन गरी सामाग्री खरिद गरेकोले लेखापरीक्षण अवधि २०८२।५।१३ सम्म ७९५ मध्ये ३६८ जना लाभग्राहीलाई वितरण भई रु १५५४८८ मुल्यका ४२७ सेट सामाग्री बितरण हुन बाँकि रहेको देखिन्छ । मिति २०२।२।६ मा खरिद भएका मध्ये ४२७ सेट पालिकामै रहेका समेत भएको नभएकोले गुणस्तरमा ह्रास आउने जोखिम देखिन्छ । अत बाँकि रहेका उपयोग भएको प्रमाण पेश गर्नु पर्दछ

१०१ लाटिनाथ मन्दिर गराडी शौचालय

सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) बमोजिम उपभोक्ता समितिसँग भएको सम्झौताको अधिनमा रहि भुक्तानी गर्नु पर्ने व्यवस्था छ । लाटिनाथ मन्दिर गराडी शौचालय निर्माण कार्यका लागी २० प्रतिशत जनश्रमदान सहित मिति २०८१।८।२५ मा भएको रु २६८२७१ को सम्झौता अनुसार बढिमा सम्झौता अंकको ८० प्रतिशतले हुने रु २१४६१८ भुक्तानी गर्नु पर्नेमा गो भौ न २८।८१।१२।४वाट रु २४०००० भुक्तानी भएकोले बढि भुक्तानी भएको रु २५२८३ असुल गर्नु पर्ने रु

असुल गर्नुपर्ने	२५,२८३

१०२ रेडियो लोकदर्पण

लेकम गाँउपालिका र रेडियो लोकदर्पण संस्था बिच २०८२।१।२० मा भएको सम्झौताका आधारमा गो भौ न न १२० वाट रु ६००००० भुक्तानीमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् ।

१०२.१ निजि नाफामुलक रेडियो संस्थाको कार्यालय व्यवस्थापनका लागी बजेट कार्यक्रम स्विकृत गरेको पाईएकोले पालिकावाट बजेट कार्यक्रम तर्जुमा गर्दा उचित प्राथमिकिरण गर्न सकेको छैन ।नीजि तथा नाफामुलक संस्थाका लाई अनुदान दिने गरी बजेट तर्जुमा गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

१०२.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२६४,९७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०३ उपभोक्ता समितिलाई बढी भुक्तानी:

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२७,७९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०४ अनुपातिक कट्टी गरी भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **३९,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०५ **ढुवानी रकम भुक्तानीः**

कार्यालयले कुनै फर्म वा संस्था संग खरिद सम्झौता गरी तोकिएको स्फेशिफिकेइसन, गुणस्तरको बस्तु वा मालसमान निर्धारित समयमा आपुर्ति गरी भुक्तानि लिनु पर्ने हुन्छ । सुदुरपश्चिम प्रदेश सामाजिक बिकाश मन्त्रालय जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मातहत नागरिक आरोग्य सेवा केन्द्र लेकम रातामाटा दार्चुला लाई लेकम गाउँपालिकाको आ.ब २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत रु ४,००,०००/- बजेट बिनियोजन गरिएको छ। उक्त सेवा केन्द्रले आयुर्वेद ओषधी खरिद वाफत ओशोपथ आयुर्वेद फर्मा बाट खरिद गरेको जनाई उक्त फर्मलाई भुक्तानी भएको रकम ३,७६९५०/- देखियो । फर्मलेनै कार्यालयमा सामग्री दुवानि गर्नुपर्नेमा उक्त केन्द्रमा कार्यरत कर्मचारीले दुवानि वाफत भुक्तानी लिएको रकम ९,०००/- असुलउपर हुनु पर्दछ । साथै कार्यक्रमबाट लाभान्वित सेवाग्राही को लगत, औषधी वितरित भरपाई कार्यालयमा पेश गर्नु पर्दछ ।

असुल गर्नुपर्ने	९,०००

१०६ **एज विल्ट ड्रइङ**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०७ **कन्टिजेन्सी अभिलेखः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा वर्क चार्ज र स्टाफ खर्चमा २ प्रतिशत र अन्य साना तिना खर्च २ प्रतिशत खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविध स्वीकृत गराई गर्नुपर्दछ। कटेन्जेन्सी रकम योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक आयोजनाको खर्च (मु.अ.करबाहेक) बाट छुटयाउनुपर्ने र कार्यक्रम स्वीकृत गरी वर्क स्टाफ चार्जमा २ प्रतिशत र अन्य सानातिना कार्यमा २ प्रतिशतको सीमाभित्र आवश्यकता अनुसार कन्टिजेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयवाट विभिन्न निर्माण कार्यमा कट्टा गरी रु.१२ लाख १७ हजार खर्च गरेकोमा यस्तो खर्च गर्दा वर्क स्टाफ र अन्य सानातिना कार्यमा भएको अभिलेख राखेको छैन । तसर्थ, नियमानुसार कन्टिजेन्सी खर्चको अभिलेख राखी कन्टिजेन्सी खर्च मितव्ययी तथा प्रभावकारीतवरले खर्च गर्नुपर्दछ ।

१०८ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । पालिकाले खरिद नियमावली बमोजिम निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ।

१०९ **प्रदेश चालु**

सुदूरपश्चिम प्रदेश सरकार स्थानीय तहमा वित्तीय हस्तान्तरीत कृषि तथा पशुपक्षि विकास कार्यक्रम संचालन कार्यविधि २०८१ अनुसार प्राप्त आवेदनहरूको प्राविधिकद्वारा स्थलगत निरीक्षण गरी प्रतिवेदन बुझाउने ,सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्ने, बुदा न ८(५) अनुसार लाभग्राहीको तर्फवाट सम्पादन हुने रकम सुनिश्चिताको लागी सम्झौता अधि सुरक्षण जमानत लिनु पर्ने व्यवस्था छ । तर पालिकाले प्रदेश सरकार हस्तान्तरित कार्यक्रम अन्तरगत देहायअनुसार कृषि, पशु, फर्म समुहलाई रु ३८२४००।- अनुदान दिएकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै कार्यविधि अनुरुप सुरक्षण जमानत नलिएको तथा अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई

प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

गो भौ न	क्रियाकलाप	अनुदानग्राही	अनुदान रकम रु
५।८२।३।१९	उत्पादनमा आधारित मटमास अनुदान	६१ जना कृषक	३०२४००
४३२१६।८२।३।२४	अग्रिसो उत्पादन अनुदान	डी.आर.एन बहुउदेश्यीय कृषि फर्म	२००००
७।८२।३।२४	अग्रिसो उत्पादन अनुदान	मोति कृषि पशुपक्षि बहुउदेश्यिय फर्म	३००००
८।८२।३।२४	अग्रिसो उत्पादन अनुदान	एम.एल. बहुउदेश्यीय कृषि फर्म	३००००
		जम्मा	**३८२४००**

११० **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ बमोजिम धरौटी रकम फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजश्वकार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भए पश्चात फिर्ता गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले निम्न निर्माण सेवा तथा सप्लार्यसलाई विल वाट कट्टा गरी जम्मा भएको धरौटी रु ६३०२३४।०० फिर्ता गर्दा नियमावलीको व्यवस्था अनुसार सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण संलग्न गरेको पाईएन ।अत आपुर्तिकर्तावाट सम्बन्धित आन्तरिक कार्यालयमा कर विवरण पेश गरी मु.अ.कर समायोजन पेश गर्नु रु

गो भौ न	धरौटी फिर्ता लाने फर्म	रकम रु
२।८१।६।१९	गणेश निर्माण सेवा	६३०२३४
	जम्मा	**६३०२३४**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **४६,८७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	६,३०,२३४

१११ **उपभोक्ता समिति परिचालन**

१११.१क) **उपभोक्ता समिति दर्ता:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न ३०० वटा उपभोक्ता समितिसँग रू.३६०६७ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुनाले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

ख) **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

१११.२ सार्वजनिक खरिद नियमावली**,** २०६४ को नियम १०(२) अनुसार सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्सको आधारमा गर्नु पर्ने उल्लेख छ । नेपाल सरकार सडक विभाग सडक निर्माण कार्यको स्विकृत नर्म्स २०७५ सडक सम्बन्धि निर्माण कार्यमा लाग्ने ज्यामि तथा सामाग्री परिमाण उल्लेख उल्लेख छ । तर पालिकाले दररेट निर्धारण गर्दा भवन विभागवाट

स्विकृत भवन निर्माण नर्म्स प्रयोग गरी लागत अनुमान तयारी तथा भुक्तानी गरेकोले निर्माणकार्यमा बढि खर्च भएको देखिन्छ । मितव्ययी लागत अनुमान तयार गरी निर्माण कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा देखिएका केही उदाहारण निम्न अनुसार छन् ।

गो भौ न र मिति	योजना र उपभोक्ता समिति	आईटम	परीमाण	सडकको दर	भवनको दर	बढी दर	बढी मुल्याङ्कन
८३।८२।११६	हुनैनाथ मन्दिर देखि भगवती पि.सि.सि बाटो उ स	PCC1:3:6	१७.५८	११११६६	११६१९	४५३	७९६३
१७६।८२।३।११	चौडादानुगड धरमकोरीडोर पि.सि.सि बाटो उ स	PCC1:3:6	२१.४७	९५५१	१२०६३	२५१२	५३९३२
१११।८२।२।१	तेलीगाल सत्याडी पि.सि.सि बाटो उ स	PCC1:3:6	९.६५	११११६६	११६१९	४५३	४३७१

११२ **भकारो सुधार कार्यक्रम:**

भकारो सुधार कार्यक्रम: पालिकाको बार्षिक विकास कार्यक्रम अन्तर्गत वडा न ५ भकारो सुधार कार्यक्रमका लागी १०० वटाको लागी रु २२ लाख लागत अनुमान सहित मिति २०८१।९।२६मा उपभोक्ता समिति समितिसँग् सम्झौता भएकोमा २०८२।३।२० मा ९६ वटा भकारो निर्माण सम्पन्न भई रु २३१८३४८.को कार्यसम्पन्नका आधारमा भौ न २७९।८२।३।२५ मा रु ११५९१७४ भुक्तानीमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् ।

११२.१क)कार्यालय र उपभोक्ता समिति बिच भएको मिति २०८१।९।२६ को सम्झौता पत्रमा लाभग्राही समुदायको योगदान,घरपरीवार संख्या लगायतका विवरण खुलाएको पाइएन । सम्झौता गर्दा सम्झौता पत्रमा खुलाउनु पर्ने सबै कुरा खुलाई सम्झौता गर्नु पर्दछ ।

ख)निर्माण सम्पन्न पश्चात पालिका उपाध्यक्षको नेतृत्वको पालिका स्तरिय अनुगमन समिति द्वारा अनुगमन प्रश्चात मिति२०८२।३।२३ मा पेश गरेको प्रतिवेदनमा निर्माण कार्यको गुणस्तर मध्यम रहेको भन्ने प्रतिवेदन पेश भएको छ ।अनुगमन समितिद्वारा निर्माण कार्य मध्यम गुणस्तरको रहेको प्रतिवेदन पेश भएको अवस्थामा उक्त कार्यको गुणस्तर परीक्षण नगरी भुक्तानी दिने कार्य उचित देखिएन ।

ग)सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समितिवाट कार्य सम्पन्न भए पश्चात खर्च सार्बजनिकीकरण गर्नु पर्ने व्यवस्था छ । उक्त सम्झौता बमोजिम ९६ वटा भकारो निर्माण भएकोमा २०८२।३।२३ मा भएको खर्च सार्बजनिकीकरण तथा सुनुवाई कार्यक्रममा ४५ जना मात्र उपस्थित भएको पाईएकोले पारदर्शि रुपमा सबै लाभग्राही समक्ष खर्च सार्वजनिक भएको छ भन्ने आधार देखिएन ।

११२.२सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) बमोजिम उपभोक्ता समितिसँग भएको सम्झौताको अधिनमा रहि भुक्तानी गर्नु पर्ने व्यवस्था छ । स्विकृत बार्षिक कार्यक्रममा गाँईबस्तु पालन गर्ने कृषकको गोठ सुधार गर्ने कार्यक्रम अन्तर्गत समिति सँग भकारो निर्माण सम्झौता भएकोमा समितिवाट ४ वटा मन्दिरमा खानेपानी संरचना निर्माण गरी पेश गरेको विल भरपाईका आधारमा भुक्तानी भएको छ ।**पालिकाको बार्षिक स्विकृत कार्यक्रम तथा सम्झौता भन्दा फरक हुने गरी निर्माण** कार्य वापत भएको भुक्तानी अनियमित देखिएको रु.....

मन्दिरको नाम	लागत अनुमान	मुल्याङ्कन	भुक्तानी
डाडाबाग मन्दिर खर्क	४०२७३	३१३८६	१५६५२
मालिका अर्जुन मन्दिर मखौली	४०२७३	२७९३६	१३९२७
एडिवाग मन्दिर पाटामा	४०२७३	३१३९७	१५६५२
लैटिनाथ मन्दिर खर्क	४०२७३	१६५३२	८४४१
जम्मा			**५३६७२**

अनियमित भएको	५३,६७२

११३ उपभोक्ताबाट भएको कामको गुणस्तरः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा प्राविधिकले योजनाको Labor and Material Breakdown नगरेको, उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।

११४ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । (रु.हजारमा)

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायी	संझौता मिति	सम्पन्न गर्नुपर्ने मिति	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति
१	**Construction of १० bed primary hospital building at rithaachaupata**	शिब शक्ति जगदम्वा यमुना जे भि बुद्दनगर १० काठमाडौ	२०७८/०३/२४	२०८२/१०/३०	१८४०६	१८**%**
२	**Construction of lali dalit tole bhal nikas**	सुरज कन्स्ट्रक्सन	२०८१/०३/१५	२०८१/०३/१५	३८४९	**१६**%

११५ पारिश्रमिक कर कट्टी नगरिएकोः

आय कर ऐन, २०५८ को दफा ४ मा कुनै व्यक्तिले दाखिला गर्नुपर्ने करको गणना गर्दा सो आय वर्षका लागि सो व्यक्तिको करयोग्य आयमा अनुसुची १ बमोजिम आर्थिक वर्ष २०८१।८२ मा ६ लाखसम्मको रोजगारीको करयोग्य आयमा एक प्रतिशत, ६ लाख रुपैयाभन्दा बढी ८ लाख रुपैयासम्म दश प्रतिशत र ८ लाख भन्दा बढी रु.११ लाखसम्म बीस प्रतिशत कर लाग्ने व्यवस्था छ। पालिकाले योजना तथा भू-उपयोग योजना बिज्ञ चित्र प्रसाद आचार्य को कुल पारिश्रमिक रकममा पारिश्रमिक कर रकम रु.६,४८४ असुल उपर हुनुपर्ने।

असुल गर्नुपर्ने	६,४८४

११६ गोकुले लाली सडक ठे न १।८१।८२

सडक निर्माण कार्यका लागि मिति २०८१।१२।३१ मा निर्माण सम्पन्न गर्ने गरी २०७८।४।१ मा निर्माण व्यवसायी अपि जयलक्ष्मी जे.भि. सँग रु.१७७६०४९२।- को सम्झौता भई यस बर्ष मिति गो. भौ. नं. २४।८२।३।२२ मा तेश्रो तथा अन्तिम बिल रु. ६९४५५४४ समेत रु. १७५२६९९१।- को कार्यसम्पन्न भएकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

११६.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रु **३१,४३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

११६.२

जमानतको अवधि:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० बमोजिम कार्यसम्पादन जमानतको मान्य अवधि त्रुटि सच्चयाउने अवधि भन्दा १ महना बढि अवधिको हुनु पर्ने उल्लेख छ । म्याद थप पश्चात कायम भएको सम्झौता अवधि २०८२।३।१५ को आधारमा निर्माण कार्यको सम्झौताका लागी राखिएको कार्यसम्पादन जमानतको मान्य अवधि २०८३।४।१५ सम्म हुनु पर्नेमा निर्माण व्यवसायीवाट पेश भएको रु ४७४४००० को जमानतको अवधि २०८२।१२।३० सम्म मात्र रहेकोले २०८३।४।१५ सम्म जमानतको अवधि थप गर्नु पर्दछ ।

११६.३ (..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

११६.४ **म्याद थप:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने र सम्झौताको बिशेष शर्त ३५.२ अनुसार यस्तो निवेदन २१ दिन अगाबै दिनु पर्ने व्यवस्था छ । यसै गरी निर्माण व्यवसायीको कारण अवधि थप गर्नु पर्ने नियमावली १२१ पुर्वनिर्धारित क्षतिपुर्ति लिई म्याद थप गर्न सकिने व्यवस्था छ ।तर कार्यपालिकोको निर्णयवाट ढिलाई हुनुको कारण र निर्माण व्यवसायीवाट कार्यसम्पन्न गर्न गरेको प्रयासको प्रयाप्त विश्लेषण वेगर हर्जना नलिई निर्माण कार्यको अवधि २०८२।३।१५।समान्त सम्म थप गरेको छ ।निर्माण व्यवसायीले प्रयाप्त प्रयासका वाबजुत पुर्व अनुमान गर्न नसकिने कारणवाट म्याद थप गर्नु पर्ने भएमा वास्तविक ढिलाई भएको अवधि र कारण विश्लेषण गरी हर्जाना समेत लिएर मात्र म्याद थप गर्नु पर्दछ ।

११७ **दश सैया अस्पताल निर्माण:**

पालिकाको दश सैया अस्पताल निर्माण कार्यका लागि निर्माण व्यवसायी शिव शक्ति जगदम्बा यमुना जेभी संग २०७९।असोज २३ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।५।२३ मा रु. ७१५००७३१।२३ मा ठेक्का सम्झौता भएकोमा पहिलो पटक ८०।६।२४ सम्म तथा दोस्रो पटक २०८१।१२।१० मा २०८२।१०।३० सम्म अवधि थप पश्चात प्रथम रनिङ्ग बिल वापत यस बर्ष २०८२।३।२५ मा रु १२७६२८८ भुक्तानी भएको छ । यस सम्बनधमा देखिएका थप व्यहोरा निम्न अनुसार रहेका छन्

११७.१ सम्झौताको शर्त न १९.१ मा निर्माण व्यवसायीले शूरु सम्झौता देखि त्रुटि सच्चयाउने अवधि सम्मको निर्माण कार्य,कामदार,मेशनरी लगायतको बिमा गर्नु पर्ने उल्लेख भएकोमा निर्माण व्यवसायीवाट प्रथम बिल भुक्तानी भन्दा ३ दिन अगाडी २०८२।३।२२ मा को बिजक आधारमा रु १००००० भुक्तानी लिएको पाईयो । लेखापरीक्षणका क्रममा बिजक मात्र पेश भएको तथा बिमा पोलिसि पेश नभएकोले सम्झौताको शर्त अनुसार सम्झौता अवधिदेखिको बिमा प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
११७.१.१	शिव शक्ति जगदम्बा यमुना जेभी	१००,०००

प्रमाण पेश नगरेको	१,००,०००

११७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने र सम्झौताको बिशेष शर्त ३५.२ अनुसार यस्तो निवेदन २१ दिन अगाबै दिनु पर्ने व्यवस्था छ । यसै गरी निर्माण व्यवसायीको कारण अवधि थप गर्नु पर्ने नियमावली १२१ पुर्वनिर्धारित क्षतिपुर्ति लिई म्याद थप गर्न सकिने व्यवस्था छ ।तर कार्यपालिकोको मिति ८१।१२।१० को निर्णयवाट ढिलाई हुनुको कारण र निर्माण व्यवसायीवाट पहिलो पटक थप भएको अवधिमा कार्यसम्पन्न गर्न गरेको प्रयासको प्रयाप्त विश्लेषण वेगर हर्जना नलिई निर्माण कार्यको अवधि २०८३।१०।३०।समान्त सम्म थप गरेको छ ।पहिलोपटक म्याद थप भएको अवधिमा समेत कार्य सम्पन्न नभएको अवस्थामा हर्जना नलिई म्याद थप गर्नु उचित देखिएन ।निर्माण व्यवसायीले प्रयाप्त प्रयासका वाबजुत पुर्व अनुमान गर्न नसकिने कारणवाट म्याद थप गर्नु पर्ने भएमा वास्तविक ढिलाई भएको अवधि र कारण विश्लेषण गरी हर्जाना समेत लिएर मात्र म्याद थप गर्नु पर्दछ ।

११७.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले प्रथम रनिङ्ग बिल वापत रु १२७६२८८.00 भुक्तानी गर्दा संलग्न नापिकताव तथा प्रावधिक बिल अनुसार नापिकितावमा नभएको निम्न कार्यहरुको लागी प्राविधक बिल तयार गरी भुक्तानी गरेकोले बास्तविक कार्यसम्पादन भएको कार्यभन्दा बढि बिल तयार गर्ने प्राबिधिकलाई जिम्मेवार बनाई बढि भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु

आईटम	**नापीकितावको परिमाण**	**विलको परिमाण**	**बढि परिमाण**	**भुक्तानी दर मु.अ.कर बाहेक**	**असुल गर्नु पर्ने रु**
फलामे डण्डको काम	२८७८९ के.जी	३३८३० के.जी	५०४१	१२०	६०४९२०
बिम र कोलममा फर्माको काम	०	७२१ व.मि	७२१	६००	४३२६००
					१०३७५२०
				मु.अ.कर	१३४८७७
				जम्मा	**११७२३९७**

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
११७.३.१	शिव शक्ति जगदम्बा यमुना जेभी	१,१७२,३९७

असुल गर्नुपर्ने	११,७२,३९७

११७.४ (✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२९,९९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

११७.५ (✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

११७.६ सार्जवनिक खरिद नियमावली २०६४ को नियम ११३(४) बमोजिमको पेश्कि बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्नेछ । सम्झौताको शर्त अनुसार ८० प्रतिशत कार्य समाप्ति मा पेश्कि फस्र्यौट गर्ने उल्लेख छ ।२०८२।१०।३० सम्म अवधि भएकोमा सम्झौता बमोजिम दिएको पेश्कि रु ७२०००००।- पेश्किका लागि राखिएको कुमारी बैक लिमिटेडको पेश्कि जमानत २०१०UTBG२३७३०८ को मान्य अवधि २०८२।६।१९ सम्म मात्र रहेकोले जमानतको अवधि थप गर्नु पर्दछ ।

११८ **प्रशासकिय भवन**

पालिकाको प्रशासकिय भवन निर्माण कार्यका लागी मिति २०७९।७।११ मा कार्यसम्पन्न गर्ने गरी २०७८।४।१ मा निर्माण व्यवसायी जागृति निर्माण सेवा सँग रु.५,७७,०२,६९४।-को सम्झौता भई यस बर्ष मिति २०८१।६।१८ मा छैठौ तथा अन्तिम बिल रु १५०३१४०१ तथा भेरिएशन समेत रु ५,९०,६३,८९८।-को कार्यसम्पन्न भएकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

११८.१

क) बिमा:- सम्झौताको शर्त न१९.१ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य,कामदार र मेशनरी उपकरणको निर्माण कार्य शूरुवात देखि त्रुटि सच्चयाउने अवधि सम्मको विमा गर्नु पर्ने उल्लेख भएको निर्माण व्यवसायीवाट उक्त निर्माण कार्यको विमा गरेको पाईएन । निर्माण कार्यको त्रुटि सच्चयाउने अवधि सम्म २०८१।६।२५ सम्म रहेकोमा सो अवधिमा हुन सक्ने जोखिम न्यूनिकरणका लागी विमा नगरी सम्झौताको शर्त पालना नगर्ने निर्माण व्यवसायीलाई कार्यालयवाट विमा गर्ने सम्बन्धमा कुनै निर्देशन दिएको पाईएन ।सम्झौताको पालना हुनु पर्दछ ।

ख) म्याद थप:-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने र सम्झौताको बिशेष शर्त ३५.२ अनुसार यस्तो निवेदन २१ दिन अगाबै दिनु पर्ने व्यवस्था छ । यसै गरी निर्माण व्यवसायीको कारण अवधि थप गर्नु पर्ने नियमावली १२१ पुर्वनिर्धारित क्षतिपुर्ति लिई म्याद थप गर्न सकिने व्यवस्था छ ।तर कार्यपालिकोको मिति ८०।७।११ को निर्णयवाट ढिलाई हुनुको कारण र निर्माण व्यवसायीवाट पहिलो पटक थप भएको अवधि २०८०।७।११ सम्ममा कार्यसम्पन्न गर्न गरेको प्रयासको प्रयाप्त विश्लेषण वेगर हर्जना नलिई निर्माण कार्यको अवधि २०८१।७।११।समान्त सम्म थप गरेको छ ।पहिलोपटक म्याद थप भएको अवधिमा समेत कार्य सम्पन्न नभएको अवस्थामा हर्जना नलिई म्याद थप गर्नु उचित देखिएन ।निर्माण व्यवसायीले प्रयाप्त प्रयासका वाबजुत पुर्व अनुमान गर्न नसकिने कारणवाट म्याद थप गर्नु पर्ने भएमा वास्तविक ढिलाई भएको अवधि र कारण विश्लेषण गरी हर्जाना समेत लिएर मात्र म्याद थप गर्नु पर्दछ ।

११८.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।कार्यालयले भवन निर्माणको विल भुक्तानी गर्दा प्राबिधिक नापजाँच संलग्न नापिकिताब अनुसार तेश्रो बिल सम्म ८०५४८ के.जी फलामे डण्डीको काम भएको देखिन्छ ।तर उक्त नापजाँच पश्चात प्राप्त कार्य परिमाणमा अतिरिक्त ५ प्रतिशतले हुने ४०२७.४ के.जि थप गरी कार्य परिमाण कायम तथा भुक्तानी भएको छ । भवन निर्माण विभागद्वारा स्विकृत नर्म्समानै वेस्टेज वापत थप ५ प्रतिशत राखि दर विश्लेषणवाट प्राप्त लागत अनुमानका आधारमा सम्झौता भएको तथा नापजाँच पश्चातको कार्यपरीमाणमा थप वेस्टेज ५प्रतिशत भनि भुक्तानी भएकोले वेस्टेजवापत कुल १० प्रतिशत भुक्तानी भएको देखिन्छ ।अत वास्तविक कार्य परीमाण भन्दा बढि ४०२७.४ के.जि.को प्रति के.जी १४६.९(मु.अ.कर समेत) का दरले बढि भुक्तानी भएको रकम निर्माण व्यबसायी जागृति निर्माण सेवा वाट असुल गर्नु पर्ने रु (४०२७.४*१४६.९=५९१६२५)

असुल गर्नुपर्ने	५,९१,६२५

११८.३ सम्झौताको विशेष शर्त न ७१.२ मा निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण कार्यको एजविल्ट नक्सा पेश गर्नु पर्ने र यस्तो नक्सा पेश नभएमा रु १,००,०००।- रोक्का राख्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधि सम्म निर्माण कार्यको एजविल्ट नक्सा पेश गरेको छैन भने कार्यालयले अन्तिम विलको भुक्तानी गर्दा सम्झौताको शर्त अनुसार रकम रोक्का गरेको पाईएन । अत सम्झौता बमोजिम एजविल्ट पेश नभएकोले सम्झौता बमोजिमको रकम असुल गर्नु पर्ने रु

क्रम	कर्मचारीको नाम	असुली रकम
११८.३.१	जागृति निर्माण सेवा	१००,०००

असुल गर्नुपर्ने	१,००,०००

११९ अनुगमन तथा मूल्याङ्कन

राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन,२०७५ तथा राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन ऐन,२०८० तथा सुदूरपश्चिम प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ मा अनुगमन गर्दा विभिन्न सूचकहरुको लक्ष्य र प्रगतिको बीचमा अन्तर रहे वा नरहेको तुलना गर्ने, सूचकहरुको लक्ष्य र प्रगतिबीच अन्तर भए त्यसको कारण पहिचान गर्ने, लक्ष्य हासिल गर्न कुन कुन कार्य गर्नुपर्ने हो सोको पहिचान

गर्नुपर्ने आदि व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रम अन्तरगत विभिन्न पदाधिकारी तथा कर्मचारीलाई अनुगमनबापत भुक्तानी गरी खर्च लेखेको देखियो। अनुगमन पदाधिकारीहरुले अनुगमन प्रतिवेदन पेश गरेको देखिएतापनि विभिन्न सूचकहरुको लक्ष्य र प्रगतिको बीचमा अन्तर रहे वा नरहेको, अन्तर भएमा त्यसको कारण पहिचान लगायत अन्य व्योहोराहरु समावेश गरेको देखिएन । पालिकाले कानून बमोजिमको अनुगमनका विषयहरु समावेश गरेको अनुगमन प्रतिवेदन पेश भएपछि मात्रै अनुगमन भत्ता भुक्तानी गर्नुपर्दछ । केही उदाहरणहरु

गो.भौ.नं.।मिति	कार्यक्रम	जना	भुक्तानी रकम रु.
१८९।०८२।३।१२	नया बाख्रा पकेट विकास कार्यक्रममा पदाधिकारी तथा कर्मचारीहरुलाई अनुगमन गरेको भनि दैनिक भ्रमण खर्चबापत भुक्तानी	११	७५०००
-	पदाधिकारी तथा कर्मचारीलाई अनुगमनबापत	१६	११५३२०

१२० **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरवन्दी	स्थायी	राहत	करार	विद्यार्थी संख्या	कैफियत
१	श्री हुनैनाथ मा.वि. रातामाटा	१३	१०	३		१६३	
२	श्री कृष्ण मा.वि. लाली	१३	१०	२		२१०	
३	लटीनाथ मा.वि. चौपाता	१४	१०	४		६६३	
४	हुनैनाथ मा.वि.कुणी	१३	१०	३		२४१	
५	गणेश मा.वि. गणागाउँ	६	५	१		४३	
६	लटीनाथ आ.वि. ओडिगाउ	३	२	१		२६	
७	गल्ला केदार मा.वि. खरकडा	११	५	६		१८०	
८	तमैराज आ.वि. जोगीकोइराली	२	१	१		३२	
९	लटीनाथ आ.वि. मानविसा	१	१			१०	
१०	तमैराज आ.वि. झलाती	४	३	१		७७	
११	लटीनाथ आ.वि. पैतोली	१	१			१३	
१२	तमैराज आ.वि. मलेरा	२	२			१७	
१३	मालिकार्जुन आ.वि. पाती	२	२			१७	
१४	तमैराज आ.वि. बुढाकोट	३	३			५३	
१५	जनज्योति आ.वि. खालीडाँडा	२	२			१५	
१६	ब्रह्मदेव आ.वि. ऐरपाली	२	१	१		१२	
१७	देवी आ.वि. खम्तड	३	३			२३	
१८	केदार आ.वि. मकन्ना	३	२	१		३०	
१९	केदारनाथ आ.वि. रतौडा	३	३			१६	
२०	शारदा आ.वि. कौलेती	३	३			१५	
२१	सरस्वती आ.वि. विटोरा	३	२	१		१८	
२२	लटीनाथ आ.वि.चौडवित्थड	३	३			२८	
२३	केदारनाथ आ.वि.वित्थड	३	३			६६	
२४	केदारनाथ मा.वि. धरमघर	९	५	३	१	१६३	
२५	भगवती आ.वि. पिडअम्कुर	२	२			५६	
२६	भैरवनाथ आ.वि. श्रीपूर	३	३			५०	
२७	मालिकार्जुन मा.वि. तेलीगाउँ	७	४	३		१९३	
२८	ऐडीवाग मा.वि. मैखोली	७	४	३		१०२	
२९	तमैराज आ.वि. जोगीभण्डार	२	१	१		८	
३०	कालासैनी आ.वि.गोइलाड	१	१	१		४२	

सि.नं.	विद्यालयको नाम	शिक्षक दरवन्दी	स्थायी	राहत	करार	विद्यार्थी संख्या	कैफियत
३१	लटीनाथ आ.वि. मैखोली	१	१			१९	
३२	मालिकार्जुन आ.वि.बन्डोली	३	१	२		३४	
३३	हुनैनाथ आ.वि. भटाइजर	२	१	१		५५	
३४	हुनैनाथ आ.वि. डोबीगाउ	३	१	२		६५	
३५	हुनैनाथ आ.वि. सिरोडा	३	१	२		४७	
३६	मालिकार्जुन आ.वि. मैखोली	३	१	२		५४	
३७	हुनैनाथ आ.वि. पिर्तोली	२	१	१		२६	
३८	हुनैनाथ आ.वि. पिड	२	१	१		३३	
३९	मालिकार्जुन आ.वि. किम्तड	१		१		१२	
४०	बडीपूर मा.वि. सर्मोली	७	६	१		२३४	
४१	मालिकार्जुन आ.वि. उचाकोट	२	१	१		२८	
४२	लटीनाथ आ.वि. गोगना विराली	३	३			३२	
४३	बालीचन आ.वि. तिउनेगाउँ	४	३		१	१०२	
४४	मालिकार्जुन आ.वि. गराडी	४	४			१२२	
४५	पञ्चदेव आ.वि.विनखाली	०	०			२	
४६	खोदाइनाथ आ.वि. गडेत	०	०			६२	
४७	लटीनाथ आ.वि. टकना	२	२			१५	
	जम्मा	**१८६**	**१३४**	**५०**	**२**	**३५२४**	

१२१ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष रू. ७,८७,१४,००० खर्च देखाई आर्थिक विवरण पेश गरेको छ। पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो। यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् ।

१२१.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ। पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन ।

१२१.२ **लगत कट्टा** - कार्यविधिको दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा

कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ। यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ। साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको मूल अभिलेख (VERSPMIS) प्रणालीमा समेत अद्यावधिक गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आ.व. २०८१।८२ मा लगत कट्टाको विवरण माग भएकोमा लगत कट्टाको स्पष्ट अभिलेख प्राप्त नभएकोले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए वा नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छ/छैन भनि यकिन गर्न सकिएन। प्रणालीबाट देखिएका लगत कट्टाको विवरण ईएफटीसंग भिडान गर्दा निम्न लाभग्राहीको खातामा लगतकट्टा मिति पछि पनि रकम जम्मा भएको देखिएकोमा गो.भौ.नं।मिति २९।०८१।११।५ मा ४ जनाको रु.५७४०६ र ६९।०८२।३।२० मा ८ जना लाभग्राहीहरुको रु.२९१५३ गरी कुल रु.८६५५९ बैंकबाट फिर्ता र गो.भौ.नं।मिति ५३।०८२।३।१६ मा रु.२४००० र ६८।०८२।३।२३ मा रु.१२००० रिफन्ड भएको देखियो। पालिकाले ३५ दिनभित्रै घटना दर्ता गराउन जोड दिदै समयमै लगत कट्टा गर्नुपर्दछ।

१२१.३ एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीः कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

१२१.४ **पारदर्शिता र जवाफदेहिता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो विवरण वेभसाइटमा राखेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।

१२१.५ **अनुगमनः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लेकम गाउँपालिका, दार्चुला , लेकम गाउँपालिका , दार्चुला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अर्जुन सुवेदी	२०७९-११-२८	२०८१-०५-२४
कार्यालय प्रमुख	अम्बादत्त जोशी	२०८१-०६-१५	२०८२-०४-०५
लेखा प्रमुख	mamata bist	२०७६-९-१३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४,३४०,१९८	३,५२६,३२२	४,४२९,९२९	०	०	९४,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१२,३९०,४४९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,८६०,३३०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	९,५३०,११९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२२१६०२२५.८८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३२०२४७७९	चालु खर्च	२९९३९१०१९
प्रदेश सरकारबाट अनुदान	३१५६७६१०	पूँजीगत खर्च	१११२५५९८४
राजश्व बाँडफाँट	६७४८९९९१.२३	वित्तीय/अन्य व्यवस्था	१६०३८३२२५.१२
आन्तरिक आय	३१०४७३०.५		
अन्य आय	१३२२६८४५२		
कुल आय	५६६४५५५६२.७३	कुल खर्च	५७१०३०२२८.१२
बाँकी मौज्दात		१७५८५५६०.४९	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		६,७९,२५,२७५.२०	०	६,७९,२५,२७५.२०	६,०८,२०,०५०.३७	०	६,०८,२०,०५०.३७
१३०००	अनुदान		३३,७७,४७,७५७.८८	०	३३,७७,४७,७५७.८८	३३,५६,६५,९३३.०९	०	३३,५६,६५,९३३.०९
१४०००	अन्य राजस्व		२२,१५,९५५.५३	०	२२,१५,९५५.५३	१८,५२,४८४.०४	०	१८,५२,४८४.०४
१५०००	विविध प्राप्ति		४,५३,४९१.००	०	४,५३,४९१.००	५९,४८४.००	०	५९,४८४.००
क	कुल जम्मा प्राप्ति		४०,८३,४२,४७९.६१		४०,८३,४२,४७९.६१	३९,८३,९७,९५१.५०		३९,८३,९७,९५१.५०
३	चालु		२९,९३,९१,०१९.००	०	२९,९३,९१,०१९.००	३२,३४,७७,९७०.९४	०	३२,३४,७७,९७०.९४
२१०००	पारिश्रमिक / सुविधा		२३,२०,८४,५६९.८३	०	२३,२०,८४,५६९.८३	२१,७५,०२,७०९.०४	०	२१,७५,०२,७०९.०४
२२०००	मालसामान तथा सेवाको उपयोग		५,११,३०,३९६.००	०	५,११,३०,३९६.००	१०,२८,४६,८२०.९०	०	१०,२८,४६,८२०.९०
२५०००	सहायता (Subsidy)		१,०५,६३,६५३.१७	०	१,०५,६३,६५३.१७	२४,००,०००.००	०	२४,००,०००.००
२७०००	सामाजिक सुरक्षा		५४,९२,२७५.००	०	५४,९२,२७५.००	४,३९,२००.००	०	४,३९,२००.००
२८०००	अन्य खर्च		१,२०,१२५.००	०	१,२०,१२५.००	२,८९,२४१.००	०	२,८९,२४१.००
४	पूंजीगत		११,१२,५५,९८४.००	०	११,१२,५५,९८४.००	१०,३४,१२,१९२.००	०	१०,३४,१२,१९२.००
३१११०	भवन तथा संरचना		२,७२,५६,५९९.००	०	२,७२,५६,५९९.००	१,९९,६८,०६३.००	०	१,९९,६८,०६३.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२५,७७,५२६.००	०	२५,७७,५२६.००	२७,८७,९५८.००	०	२७,८७,९५८.००
३११३०	अन्य पूँजीगत		२९,२८,३३३.००	०	२९,२८,३३३.००	९९,७७९.००	०	९९,७७९.००

	खर्च							
३११४०	सुरक्षा उपकरण		०	०	०	५०,०००.००	०	५०,०००.००
३११५०	सार्वजनिक निर्माण		७,४०,१९,२८७.००	०	७,४०,१९,२८७.००	७,८९,४६,८४४.००	०	७,८९,४६,८४४.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		१,९८,०००.००	०	१,९८,०००.००	६,९२,५३०.००	०	६,९२,५३०.००
३११७०	पूँजीगत सुधार खर्च		४२,७६,२३९.००	०	४२,७६,२३९.००	८,६७,०१८.००	०	८,६७,०१८.००
ख)	कुल जम्मा भुक्तानी		४१,०६,४७,००३.००		४१,०६,४७,००३.००	४२,६८,९०,१६२.९४		४२,६८,९०,१६२.९४
ग)	बचत /कमी (ग = क-ख)		(२३,०४,५२३.३९)		(२३,०४,५२३.३९)	(२,८४,९२,२११.४४)		(२,८४,९२,२११.४४)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		(२२,७०,१४२.००)		(२२,७०,१४२.००)	४०,७४,८४५.९८		४०,७४,८४५.९८
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(४५,७४,६६५.३९)		(४५,७४,६६५.३९)	(२,४४,१७,३६५.४६)		(२,४४,१७,३६५.४६)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,२१,६०,२२५.८८		२,२१,६०,२२५.८८	४,६५,७७,५९१.३४		४,६५,७७,५९१.३४
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा		१,७५,८५,५६०.४९		१,७५,८५,५६०.४९	२,२१,६०,२२५.८८		२,२१,६०,२२५

	बैंक मौज्दात (ज= ङ+च+छ)								

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।